# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४८ | काठमाडौँ | बुधबार, २७ जेठ २०८३ | Prabhab National Daily | Wednesday, 10 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## सदनको अवरोध हटाउन विपक्षीका चार प्रस्ताव



- प्रधानमन्त्री शाहको संसद्मा उपस्थिति
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सीमासम्बन्धी विवादित अभिव्यक्तिबारे वक्तव्य जारी गरिनुपर्ने
- प्रधानमन्त्रीको तर्फबाट परराष्ट्रमन्त्रीले संसद्मा आएर वक्तव्य दिने भए वक्तव्यको व्यहोरामा विपक्षीहरूको स्वीकृति अनिवार्य हुनुपर्ने
- प्रधानमन्त्री शाहको सीमासम्बन्धी विवादित अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउनुपर्ने

**■ जेबी योञ्जन**

**काठमाडौँ–** प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल-भारत सीमा सम्बन्धमा दिएको विवादास्पद अभिव्यक्तिका कारण उत्पन्न संसद्को गतिरोध अन्त्य गर्न विपक्षी दलहरूले चारबुँदे प्रस्ताव अघि सारेका छन् । ती प्रस्ताव सत्तारुढ रास्वपासमक्ष राखिने भएको छ । रास्वपाले प्रस्ताव स्वीकार गरे सदनको अवरोध खुलाउन विपक्षी दलहरू तयार हुने छन् ।

मंगलबार कांग्रेस संसदीय दलको कार्यालयमा बसेको नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का संसदीय दलका पदाधिकारीहरूको बैठकले चार प्रस्ताव तय गरेको हो ।

विपक्षीहरूको पहिलो प्रस्ताव प्रधानमन्त्री शाह स्वयं संसद्मा उपस्थित हुनुपर्ने रहेको छ । १७ जेठमा संसद्कै रोस्ट्रमबाट उनले 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएको भन्दै त्यसबारे जवाफ दिन प्रधानमन्त्री अनिवार्य रूपमा संसद्मा आउनुपर्ने विपक्षीहरूको अडान छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### संसद् बैठकमै विपक्षीको मौनधारण

**काठमाडौँ (प्रस)–** विपक्षी दलको अवरोधका कारण मंगलबार पनि प्रतिनिधिसभा बैठक नियमित कार्यसूचीमा प्रवेश नगरी स्थगित हुनपुग्यो । प्रधानमन्त्री वालेन्द्र शाहको सीमा-अभिव्यक्ति सच्याउनुपर्ने मागसहित विपक्षी दलहरूले लगातार संसद् अवरुद्ध पार्दै आएका छन् ।

यही क्रममा मंगलबार प्रतिनिधिसभामा विपक्षीहरूले विरोधको फरक शैली अपनाए । उनीहरूले सहिदको नाममा पाँच मिनेट मौनधारण गरेर सांकेतिक विरोध जनाएका हुन् । बैठकमा बोल्दै नेपाली कांग्रेसका सचेतक निश्कल राईले प्रधानमन्त्री शाहले काठमाडौँ महानगरको मेयर हुँदा ग्रेटर नेपालको नक्सा कार्यकक्षमा राखेको स्मरण गराए । तर अहिले किन र कसको स्वार्थमा हाम्रो स्वाभिमानमाथि धावा बोल्दै छन् भनी प्रश्न गरे । 'प्रधानमन्त्रीको अभिव्यक्तिले आफ्नो ज्यान आहुति दिएर नेपालको सीमा पूर्वमा चिवाभञ्ज्याङदेखि पश्चिममा लिम्पियाधुरासम्म कायम गराउने ती अमर सहिदहरूको आत्मासम्मान कति गिरेको होला ?,' सांसद राईको प्रश्न थियो । त्यसपछि उनले कांग्रेस सांसदहरूलाई मौन धारणमा उभिन आह्वान गरे ।

⏭ क्रमशः पृष्ठ २ मा

## प्रश्नै–प्रश्नको घेरामा सुधनको पुनर्बहाली

- छानबिन समितिको 'क्लिन चिट' पछि पुनः गृहमन्त्री नियुक्त
- मानवअधिकार आयोगले थप छानबिन गर्न गरेको सिफारिसको बेवास्ता
- सरकारको सुशासनको नारामाथि धक्का
- दरबार हत्याकाण्डको छानबिनसहित चार निर्णय

**■ प्रभाव संवाददाता**




**काठमाडौँ–** सम्पत्तिको स्रोत तथा विवादास्पद व्यवसायी दीपक भट्टसँगको 'कनेक्सन' लगायत विषयमा प्रश्न उठेपछि विवादमा तानिएसँगै गृहमन्त्री पदबाट राजीनामा दिएका सुधन गुरुङ ४७ दिनपछि सोही जिम्मेवारीमा फर्किएका छन् । गृहमन्त्री बनेको २७औँ दिनमा राजीनामा दिएका गुरुङलाई मंगलबार प्रधानमन्त्री वालेन्द्र शाहले पुनर्बहाली गरेका हुन् ।

यसअघि सरकारले गुरुङमाथि छानबिन गर्न पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो । उक्त समितिले गुरुङलाई 'क्लिन चिट' दिएर प्रतिवेदन बुझाएसँगै प्रधानमन्त्री शाहले गुरुङलाई पुनः गृहमन्त्री नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेका हुन् । सोहीअनुसार गुरुङले मंगलबार शितलनिवास पुगेर गृहमन्त्री पदको शपथ लिए ।

वैशाख २८ गते पूर्वन्यायाधीश भण्डारीको नेतृत्वमा गठन भएको छानबिन समितिले उनको सम्पत्ति, सेयर स्वामित्व र आर्थिक कारोबारबारे उठेका प्रश्नमा कुनै गम्भीर अनियमितता नदेखिएको निष्कर्षसहित प्रतिवेदन बुझाएको भनिए पनि उक्त प्रतिवेदन सार्वजनिक गरिएको छैन । सरकार र छानबिन समितिबीचको 'म्याच फिक्सिङ' यति सहजै बुझ्न सकिन्छ कि आइतबार नै गुरुङले आफूले सफाइ पाउने दाबी गरेका थिए ।

> “एउटा मन्त्रीको बारेमा प्रश्न उठ्यो । छानबिन आयोग हैन यो छलछाम आयोग हो । त्यो आयोगले के गऱ्यो ? कहाँ गयो ? केही थाहा छैन । आफ्नो मान्छे राख्यो, आफैं सफाइ दियो ।
>
> **■ गगन थापा**
> **सभापति, नेपाली कांग्रेस**

> माओवादीको सरकारमा कृष्णबहादुर महरालाई, एमालेको सरकारमा महेश बस्नेतलाई र बालेन्द्रको सरकारमा सुधन गुरूङजस्तालाई कारबाही होइन, पुरस्कृत्तमात्र गरिन्छ । यो मुलुक कहिल्यै पनि विधि विधानमा चलेन ।
>
> **■ मुमाराम खनाल**
> **राजनीतिक विश्लेषक**

गोरखामा भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जिल्ला अधिवेशनका क्रममा गुरुङले भनेका थिए, 'छानबिन सकिएको छ । फेरि गृहमन्त्री बने दुई महिना भेट्न नआउनु । तस्बिर खिच्न र मन्त्रालयमा बधाइ दिन नआउनुहोला ।'

### सरकारको सुशासनको नारामाथि धक्का

सुशासन र भ्रष्टाचार अन्त्यको नार ासहित उदायको रास्वपाको सरकारले गुरुङलाई मन्त्रीमा पुनर्बहाली गरेपछि छोटो समयमै प्रश्नहरू बढ्न थालेका छन् । तीन महिना ननाघ्दै छ पटक मन्त्रिपरिषद् हेरफेर गरेको सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको भन्दै आलोचना सुरु भएको छ ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारले छलछाममात्र गरेको आरोप लगाएका छन् । 'एउटा मन्त्रीको बारेमा प्रश्न उठ्यो । छानबिन आयोग हैन यो छलछाम आयोग हो । त्यो आयोगले के गऱ्यो ? कहाँ गयो केही थाहा छैन । आफ्नो मान्छे राख्यो । आफैं सफाइ दियो । नामको छानबिन आयोग । काम छलछाम गरेको छ,' मंगलबार गोरखा पुगेका सभापति थापाले भने ।

राजनीतिक विश्लेषक मुमाराम खनाल नयाँ सरकारको प्रवृत्ति पुरानैकोजस्तो देखिएको बताउँछन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### दरबार हत्याकाण्डको छानबिन गर्ने निर्णय

गृहमन्त्रीमा पुनः नियुक्त भएका सुधन गुरुङले २०५८ जेठ १९ गते राजा वीरेन्द्र शाहको वंशनाश भएको हत्याकाण्डको थप छानबिन गर्ने निर्णय गरेका छन् । 'वि.सं. २०५८ जेठ १९ गते भएको नारायणहिटी राजदरबार हत्याकण्डका सम्बन्धमा यसअघि भएका अनुसन्धान प्रतिवेदन अध्ययन गरी थप छानबिनको प्रक्रिया अगाडि बढाउने,' मंगलबार पदभार ग्रहणलगत्तै गृहमन्त्री गुरुङले भने ।

उनले जेन-जी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोग भएका मुद्दा फिर्ता गर्न सकिने/नसकिने सम्बन्धमा छानबिन गरी सिफारिससहितको प्रतिवेदन पेस गर्न विशेष कार्यदल गठन गर्ने निर्णयसमेत गरेका छन् । यसैगरी गृह मन्त्रालय र सुरक्षा निकायबाट संवेदनशील सूचना चुहावटको घटना हुन नदिन सूक्ष्म निगरानी गरी कारबाही गर्न सुरक्षा निकायमा सेन्सेटिभ इन्फर मेसन भिजेलिन्स टिम (एसआइभीटी) गठन गर्ने निर्णय उनले गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### रेमिटयान्समा 'रेकर्ड'

## एक महिनामै भित्रियो दुई खर्ब ५७ अर्ब, १० महिनामा १९ खर्ब नाघ्यो

- अघिल्लो आर्थिक वर्षको तुलनामा ४१.२ प्रतिशतले वृद्धि
- चालु आवको १० महिनामा भित्रिएको रेमिट्यान्स गत आवभरिमा भित्रिएकोभन्दा करिब दुई खर्ब बढी
- अमेरिकी डलरको भाउ उच्च हुनु र सीपयुक्त श्रमिक जाने क्रम बढ्नु रेमिट्यान्स वृद्धिको कारण हुनसक्ने अनुमान

**■ ममता थापा**




**काठमाडौँ–** मुलुकमा भित्रिने रेमिटयान्स (विप्रेषण)ले नयाँ कीर्तिमान बनाएको छ । एक महिनामै दुई खर्ब ५७ अर्ब ४९ करोड रूपैयाँ रेमिटयान्स आउँदा कीर्तिमान बनेको हो ।

यो रकम गत वैशाख महिनामा औपचारिक माध्यमबाट मुलुकमा भित्रिएको नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी प्रतिवेदनमा उल्लेख छ । रेमिटयान्सको रूपमा एकै महिनामा भित्रिएको यो हालसम्मकै ठूलो रकम हो ।

चालु आर्थिक वर्षको १० महिनामा अघिल्लो आर्थिक वर्षको तुलनामा ४१.२ प्रतिशतले बढेको राष्ट्र बैंकले जनाएको छ । चालु आवको साउनदेखि गत वैशाखसम्म भित्रिएको रेमिटयान्स १९ खर्ब १६ अर्ब ९० करोड रूपैयाँ पुगेको छ । उक्त रकम अघिल्लो आर्थिक वर्षभरिमा भित्रिएकोभन्दा करिब दुई खर्ब बढी हो । अघिल्लो आवको १२ महिनामा १७ खर्ब २३ अर्ब रूपैयाँ रेमिटयान्स आएको थियो ।

अघिल्लो आवको वैशाख महिनामा एक खर्ब ६५ अर्ब ३० करोड रूपैयाँ आएकोमा यो वर्ष बढेर दुई खर्ब ५७ अर्ब ४९ करोड रूपैयाँ पुगेको छ । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३ प्रतिशतले बढेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## आप्रवासन प्रणालीलाई डिजिटल बनाउँदैछौं: श्रममन्त्री

**काठमाडौँ (प्रस)–** युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले आप्रवासी कामदारको हकहितका लागि शून्य सहनशीलता नीति कडाइका साथ कार्यान्वयन गरिने बताएका छन् । स्विट्जरल्याण्डको जेनेभामा आयोजित ११४औं अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को सम्मेलनमा मंगलबार सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

सम्पूर्ण आप्रवासन प्रणालीलाई डिजिटल बनाउन लागिएको पनि मन्त्री यादवले जानकारी दिए । 'आप्रवासी कामदारको हकहितका लागि शून्य सहनशीलता नीति नेपाल सरकारको उच्च प्राथमिकतामा रहेको छ । भर्ना प्रक्रिया, उचित पारिश्रमिक र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आप्रवासन प्रणालीलाई डिजिटल बनाउन लागिएको छ,' उनले भने ।

मन्त्री यादवले गैरआवासीय नेपाली (डायस्पोरा) र फर्किएका आप्रवासीहरूको सीप, अनुभव र बचतलाई देशको विकासमा जोड्न सरकार प्रतिबद्ध रहेको र उनीहरूको आर्थिक-सामाजिक पुनःएकीकरणलाई प्राथमिकता दिइने बताए । उनले आगामी १० वर्षलाई 'आन्तरिक रोजगारी प्रवर्द्धनको दशक'का रूपमा मनाउने घोषणासमेत गरेका छन् । नारामामात्र सीमित नभई नेपाली युवाहरूको आकांक्षा पूरा गर्न एक उत्पादनशील र समावेशी श्रमबजार निर्माण गर्ने १० वर्षे कार्ययोजना बनाइएको उनले उल्लेख गरे ।

मन्त्री यादवले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई) सँगै प्रविधिमा आएको परिवर्तन, जलवायु परिवर्तन र श्रम गतिशीलताका कारण विश्वव्यापी श्रमबजारमा नयाँ चुनौती थपिएको बताए । उचित




योजना नभएमा यी परिवर्तनहरूले असमानता र सीपको खाडल बढाउन सक्ने जोखिम औंल्याउँदै उनले मानवीय मर्यादा र सामाजिक न्याय सुनिश्चित गर्न प्रभावकारी त्रिपक्षीय सहयोग र आइएलओको भूमिका महत्त्वपूर्ण हुने धारणा राखे ।

डिजिटल अर्थतन्त्र र युवा स्वरोजगारका लागि नेपालले प्रविधि र नीतिगत सुधारमार्फत स्वदेशमै रोजगारी दिने लक्ष्य राखेको मन्त्री यादवको भनाइ थियो । सरकारले एआई पूर्वाधार, डिजिटल 'स्टार्टअप' र 'रिमोट वर्क'लाई प्रवर्द्धन गर्न लगानी गरिरहेको जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### प्रश्नै-प्रश्नको...

'माओवादीको सरकारमा कृष्णबहादुर महरालाई, एमालेको सरकारमा महेश बस्नेतलाई र वालेन्द्रको सरकारमा सुधन गुरुङजस्तालाई कारबाही होइन, पुरस्कृत्मात्र गरिन्छ । किनकि, उनीहरूको नाममा हुने बितण्डा स्वयं प्रमकै बितण्डाको कार्यान्वयनमात्र हो,' खनाल भन्छन्, 'यो मुलुक कहिल्यै पनि विधि विधानमा चलेन ।'

सुधनमाथि उठेको मुख्य प्रश्न विवादास्पद व्यवसायी दीपक भट्टसँगको साझेदारी हो । चैत १९ गते सम्पत्ति शुद्धीकरण मुद्दामा पक्राउ परेका भट्ट अझै प्रहरीको नियन्त्रणमा छन् । बिमासम्बन्धी कसुरमा भट्टसहित अन्य लगानीकर्तालाई चार अर्बभन्दा बढी बिगो असुल्न सिआइबीको सुझाव छ । सेयर बजारमासमेत नामुद बिचौलिया मानिएका भट्टसँग साँठगाँठ देखिएपछि गुरुङले मन्त्री पदबाट हात धुनुपरेको थियो । पूर्वन्यायाधीश भण्डारी नेतृत्वको समितिले कुनै कम्पनीको सेयर खरिद गर्नु साझेदारी होइन भन्दै सफाइ दिएको छ ।

दोस्रो, सुधनले धनकुटा र चितवनमा किनेका जग्गामा पनि प्रश्न उठेको थियो । खासगरी एकै परिवारले हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न पाउँदैन । तर सुधनको परिवारको नाममा गोरखा, चितवन र धनकुटामा हदबन्दीभन्दा बढी जग्गा हुँदासमेत समितिले उनलाई उन्मुक्ति दिएको छ ।

अर्कोतिर, ऋण लिएर कम्पनीका सेयर खरिद गरेको बताएका छन्, तर सम्पत्ति विवरणमा उनको कुनै पनि ऋण देखिँदैन । यो हिसाबले उनले झूटो सम्पत्ति विवरण बुझाएको भन्ने आरोप थियो । तर, यसलाई समेत समितिले सामान्य मानवीय त्रुटिका रूपमा व्याख्या गरेको छ ।

गुरुङले अहिलेसम्म एक रूपैयाँ पनि कर नतिरेको भन्दै उनको स्थायी लेखा नम्बरको विवरणसमेत सार्वजनिक भएको छ । सार्वजनिक पद धारण गरेको व्यक्तिमात्रै होइन, हरेक व्यक्तिले कमाएको सम्पत्तिको वैधानिकता देखाउने जिम्मेवारी सोही व्यक्तिको हुन्छ । तर कर नतिरे पनि उनले उन्मुक्ति पाएका छन् ।

आफ्नो नाममा किनेको जग्गामा थैली (मूल्य) घटाएर राजस्व छल्नु, सुनको प्रस्ट स्रोत नखुलाई केवल पैतृक दाबी गर्नु, अनि भट्टसँगको सम्बन्ध केवल चिनजानमात्र भनेर छानबिन समितिबाट क्लिन चिट दिने/दिलाउने गतिविधि आफैंमा प्रश्नको घेरामा छ ।

#### मानवअधिकार आयोगको प्रतिवेदनको बेवास्ता

राष्ट्रिय मानवअधिकार आयोगले 'हामी नेपाल' संस्थाका अध्यक्षसमेत रहेका सांसद गुरुङसहित जेन-जी आन्दोलनका आयोजकहरूमाथि थप अनुसन्धान गर्न सरकारलाई निर्देशन दिएको छ । भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा शान्तिपूर्ण रहने प्रतिबद्धताविपरीत हिंसात्मक गतिविधि भएको ठहर गर्दै आयोगले यस्तो निर्देशन दिएको हो ।

आयोगको प्रतिवेदनको सिफारिस खण्डको बुँदा नम्बर ९ मा प्रदर्शनका लागि आयोजकहरूले जिल्ला प्रशासन कार्यालयबाट शान्तिपूर्ण कार्यक्रम गर्ने भनी अनुमति लिएका थिए । तर, प्रदर्शन नियन्त्रण बाहिर गई हिंसात्मक रूप लिँदा र तोडफोड हुँदासमेत आयोजकहरूले त्यसलाई रोक्न नसकेको आयोगको निष्कर्ष छ । आयोगले आयोजकहरूको भूमिका र प्रदर्शनमा भएको घुसपैठका विषयमा गम्भीर प्रश्न उठाएको छ ।

थप अनुसन्धानको दायरामा पर्नेहरूमा 'हामी नेपाल'का अध्यक्ष गुरुङ, पुरुषोत्तम यादव, सबल गौतम, अंकित मल्ल र खेमराज साउद रहेका छन् । उनीहरूले आफूले आयोजना गरेको कार्यक्रममा घुसपैठ रोक्न र प्रदर्शनलाई हिंसात्मक हुन नदिन आवश्यक जिम्मेवारी पूरा नगरेको आयोगले जनाएको छ । आयोगले आफ्नो प्रतिवेदनमा प्रदर्शनका क्रममा सार्वजनिक सम्पत्तिको क्षति हुनुमा आयोजकहरूको फितलो व्यवस्थापन र कमजोरीलाई पनि एउटा कारण मानेको छ ।

■■■

### दरबार...

गुरुङले नेपाल प्रहरीअन्तर्गत रहेको केन्द्रीय अनुसन्धान ब्युरोलाई थप सशक्त र प्रभावकारी बनाउने र हाल प्रक्रियामा रहेका अनुसन्धानका फाइललाई शीघ्र टुंगोमा पुर्‍याउन निर्देशन दिने, ब्युरोमा रहेका जघन्य आर्थिक, संगठित अपराधलगायत गम्भीर प्रकृतिका मुद्दा अनुसन्धान गर्न ब्युरोमा मुद्दाको प्रकृतिअनुरूप विशिष्टीकृत समूह गठन गर्ने निर्णयसमेत गरेका छन् ।

■■■

### सदनको...

दोस्रो, प्रस्तावअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट माफी र क्षमायाचनासहितको वक्तव्य सार्वजनिक हुनुपर्छ । यसअघि १७ जेठमै परराष्ट्र मन्त्रालयले प्रधानमन्त्रीको अभिव्यक्ति सच्याउने प्रयासस्वरूप वक्तव्य जारी गरेको थियो । तर, विपक्षी दलहरूले उक्त वक्तव्यले प्रधानमन्त्रीको भनाइलाई गलत ढंगले व्याख्या गरेर बचाउ गर्न खोजेको निष्कर्ष निकालेका थिए । त्यसैले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाटै विवादित अभिव्यक्ति सच्याउनेगरी आधिकारिक वक्तव्य आउनुपर्ने उनीहरूको प्रस्ताव छ ।

तेस्रो प्रस्ताव प्रधानमन्त्रीको तर्फबाट परराष्ट्रमन्त्री शिशिर खनालले संसद्मा स्पष्टीकरण दिने विषयसँग सम्बन्धित छ । विपक्षीहरूले परराष्ट्रमन्त्रीलाई प्रधानमन्त्रीको प्रतिनिधिका रूपमा स्वीकार गर्न सकिने बताएका छन् । तर, त्यसरी प्रस्तुत गरिने वक्तव्यको व्यहोरा विपक्षी दलहरूको सहमतिमा तय हुनुपर्ने उनीहरूको सर्त छ ।

यसअघि सोमबार सिंहदरबारस्थित सार्वजनिक लेखा समितिको कक्षमा बसेको सर्वदलीय छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले प्रधानमन्त्रीको सट्टा परराष्ट्रमन्त्री खनालले संसद्मा आएर सीमासम्बन्धी विषयमा स्पष्टीकरण दिने प्रस्ताव गरेका थिए । त्यस क्रममा एमाले प्रमुख सचेतक ऐन महरले लामिछानेलाई प्रश्न गरेका थिए, 'तपाईं जवाफ दिन परराष्ट्रमन्त्रीज्यूलाई पठाउन सक्ने, प्रधानमन्त्रीज्यूलाई नसक्ने ? पठाउनुहुन्छ भने परराष्ट्रमन्त्री होइन, प्रधानमन्त्रीलाई नै पठाउनुहोस् ।' महरको प्रश्नको स्पष्ट जवाफ लामिछानेले दिन नसकेको स्रोतको दाबी छ ।

चौथो प्रस्ताव, प्रधानमन्त्रीको विवादित अभिव्यक्तिलाई संसद्को रेकर्डबाट हटाउने विषयमा केन्द्रित छ । यसअघि यस विषयमा विपक्षी दलहरूबीच मतभेद थियो । नेपाली कांग्रेसले प्रधानमन्त्रीले संसद्बाट राष्ट्रघाती अभिव्यक्ति दिएको भन्दै संसद्मै उपस्थित भएर देशवासीसँग माफी माग्नुपर्ने तर उक्त अभिव्यक्ति भावी पुस्ताले पनि थाहा पाउनेगरी अभिलेखमा सुरक्षित राख्नुपर्ने धारणा राखेको थियो । एमाले, नेकपा, श्रम संस्कृति पार्टी र राप्रपाले भने प्रधानमन्त्रीले अभिव्यक्ति सच्याउनुपर्ने र संसद्को रेकर्डबाट हटाउनुपर्ने अडान लिएका थिए । अहिले विपक्षी दलहरू उक्त अभिव्यक्ति रेकर्डबाट हटाउनुपर्ने निष्कर्षमा पुगेका छन् ।

बैठकमा कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे, प्रमुख सचेतक बासना थापा, सचेतक निश्कल राई, एमाले संसदीय दलका नेता रामबहादुर थापा, उपनेता पद्मा अर्याल, प्रमुख सचेतक ऐन महर, सचेतक नीता घतानी, नेकपाका नेता वर्षमान पुन र राप्रपा सचेतक खुश्बु ओली सहभागी थिए । श्रम संस्कृति पार्टीबाट भने कोही सहभागी भएनन् ।

प्रधानमन्त्री शाहले १७ जेठमा अकस्मात् संसद् बैठकमा उपस्थित भएर एमाले उपनेता पद्मा अर्याल र श्रम संस्कृति पार्टीका सांसद आरेन राईले नेपाल-भारत सीमा विवादसम्बन्धी उठाएको प्रश्नको जवाफ दिने क्रममा नेपालले पनि भारतको जग्गा मिचेको बताएका थिए । प्रधानमन्त्रीको उक्त अभिव्यक्तिलाई तथ्यसंगत सावित गर्न रास्वपा सांसद बब्लु गुप्तादेखि समर्थकहरूसम्मले नेपालले भारतको भूमि अतिक्रमण गरेको दाबी गर्दै अप्रमाणित तथा एआईबाट सिर्जित तस्बिरहरू सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए ।

मंगलबारको प्रतिनिधिसभा बैठकमा कांग्रेस सचेतक राईले प्रधानमन्त्रीले नेपाललाई सीमा अतिक्रमण गर्ने देशका रूपमा विश्वसामु चित्रण गरेको आरोप लगाए । उनले रास्वपाका सांसद तथा समर्थकहरूले प्रधानमन्त्रीको भनाइ प्रमाणित गर्न गलत प्रचारमा लागेको भन्दै आपत्ति जनाए । उनले भने, 'योभन्दा ठूलो राष्ट्रघाती कदम के हुन सक्छ ?'

एमाले सांसद क्षितिज थेबेले पनि प्रधानमन्त्रीले संसद्को रोस्ट्रमबाट देशद्रोही र राष्ट्रघाती अभिव्यक्ति दिँदासमेत सभामुख डोलप्रसाद अर्यालले उनलाई संसद्मा बोलाएर क्षमायाचना गराउन नसकेको भन्दै असन्तुष्टि व्यक्त गरे । उनले नेपालले कतै पनि भारतको भूमि नमिचेको दाबी गर्दै प्रधानमन्त्रीको अभिव्यक्ति सच्याउनैपर्ने र त्यसका लागि प्रधानमन्त्री स्वयं संसद्मा आउनुपर्ने बताए ।

नेकपा सांसद महेन्द्रबहादुर शाहीले प्रधानमन्त्री शाहले आफ्नो अभिव्यक्तिबारे प्रतिक्रिया दिनैपर्ने बताए । प्रतिपक्षी दलहरूले संसद्मा जवाफ खोजिरहेको उल्लेख गर्दै उनले प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराएर स्पष्टीकरण दिलाउन माग गरे । साथै, सभामुखले प्रधानमन्त्रीको जवाफ नआउँदासम्म बलपूर्वक सदन सञ्चालन गर्न नहुने धारणा राखे । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङ र राप्रपा सचेतक खुश्बु ओलीले पनि प्रधानमन्त्री वालेन्द्र शाहले संसद्बाटै माफी माग्नुपर्ने अडान दोहोर्‍याएका छन् ।

■■■

### संसद्...

'ती अमर सहिदहरू, प्रजातन्त्र तथा नागरिक सर्वोच्चताका लागि भएका विभिन्न क्रान्ति तथा आन्दोलनका सहिदहरू तथा सुशासन र जवाफदेहिताका लागि भएको जेन-जी विद्रोहका सहिदहरूप्रति सम्मान प्रकट गर्दै हामी नेपाली कांग्रेसका सदस्यहरू पाँच मिनेट यहाँ उभिएर मौन धारण गर्ने छौं,' उनले भने ।

सांसद राईले 'सुरु' भन्नासाथ विपक्षी दलका सांसदहरू सबै उठेर पाँच मिनेट मौन धारण गरे । त्यतिबेला सभामुख डोलप्रसाद अर्याल र सत्तापक्षीय सांसदहरू आफ्नो सिटमै बसिरहे । यसरी विपक्षी दलका सांसदहरूले संसद् बैठकमा आफैं घोषणा गरेर मौनधारण गरेको हालसम्मकै पहिलो घटना भएको जानकारहरू बताउँछन् ।

■■■

### एक महिनामै...

चालु आवको १० महिनामा अमेरिकी डलरतर्फ १३ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आप्रवाह १०.६ प्रतिशतले वृद्धि भएको थियो ।

चालु आवमा रेमिटचान्स बढ्नुमा डलरको भाउ बढ्नुलाई मुख्यरूपमा लिइएको छ । अमेरिकी डलर नेपाली रूपैयाँको तुलनामा अहिले उच्च दरमा कारोबार भइरहेको छ । यसले नेपालमा भित्रिने रेमिटचान्स बढाएको जानकारहरू बताउँछन् । समीक्षा अवधिमा वैदेशिक रोजगारीमा जानेको संख्यामा भने कमी आएको देखिन्छ । यद्यपि, सीपयुक्त श्रमिक जाने क्रम बढेका कारण पनि रेमिटचान्समा प्रभाव परेको अनुमान गरिएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार चालु आवको १० महिनामा कूल छ लाख ६१ हजार ८७४ जना श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । जबकि, अघिल्लो आवको सोही अवधिमा छ लाख ८५ हजार ९२४ जनाले श्रम स्वीकृति लिएका थिए । अघिल्लो आवको तुलनामा चालु आवमा श्रम स्वीकृति लिनेको संख्या २४ हजारले घटेको देखिन्छ ।

चालु आवमा मध्यपूर्वको द्वन्द्वले वैदेशिक रोजगार प्रभावित बनेका कारण घटेको देखिन्छ । चालु आवमा नयाँ श्रम स्वीकृति लिनेभन्दा पनि पुनः श्रम स्वीकृति लिने बढी रहेकाले पनि यसलाई पुष्टि गर्छ । विभागका अनुसार चालु आवमा पहिलोपटक श्रम स्वीकृति लिने तीन लाख ३५ हजार ५१० जना र पुनः श्रम स्वीकृति लिने तीन लाख २६ हजार ३६४ जना रहेका छन् । अघिल्लो आवको सोही अवधिमा चार लाख पाँच हजार ६१० जना पहिलोपटक श्रम स्वीकृति लिँदा दुई लाख ८० हजार ३१४ जना पुनः श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको तथ्यांकमा देखिन्छ ।

मध्यपूर्वको द्वन्द्वका कारण नेपालीहरूको प्रमुख श्रम गन्तव्य प्रभावित हुँदा रोजगारीमा जाने श्रमिकको संख्या, गन्तव्य मुलुकमा पाइने रोजगारीको अवस्थालगायतका कारण रेमिटचान्समा गिरावट आउने अनुमान गरिए पनि त्यसको कुनै असर देखिएको छैन । सरकारले गत जेठ १५ गते सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा वैधानिक माध्यमबाट विप्रेषण भित्र्याउन प्रोत्साहित गर्ने नीति लिएकार छ । रेमिटचान्स आप्रवाहको हरेक रिसिटमा आधारित लट्टी कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएकाले यसको प्रभाव परेको हुनसक्ने अनुमानसमेत गरिएको छ ।

चालु आर्थिक वर्षको १० महिनालाई हेर्दा पहिलो महिना साउनमा एक खर्ब ७७ अर्ब ४१ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको थियो । भदौमा एक खर्ब ७४ अर्ब ६७ करोड, असोजमा दुई खर्ब एक अर्ब २२ करोड, कात्तिकमा एक खर्ब ३३ अर्ब ८२ करोड, मंसिरमा एक खर्ब ८३ अर्ब १८ करोड, पुसमा एक खर्ब ९२ अर्ब ६२ करोड, माघमा एक खर्ब ९८ अर्ब आठ करोड, फागुनमा एक खर्ब ८८ अर्ब ६४ करोड र चैतमा दुई खर्ब नौ अर्ब ७५ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको तथ्यांक छ ।

■■■

### आप्रवासन...

उनले 'गिग इकोनोमी' र डिजिटल माध्यमबाट हुने कामका लागि स्पष्ट सम्झौता, डेटा गोपनीयता र व्यावसायिक सुरक्षा सुनिश्चित गर्न अन्तर ्रिष्ट्रिय मापदण्डको आवश्यकता रहेकोसमेत उल्लेख गरे । मन्त्री यादवले 'केयर इकोनोमी' र कानुनी सुधार नेपालले इतिहासमै पहिलोपटक एकीकृत 'राष्ट्रिय केयर इकोनोमी नीति' निर्माण गर्न लागेको जानकारी दिए । यसका साथै श्रम क्षेत्रलाई थप व्यवस्थित बनाउन 'श्रम निरीक्षण महासन्धि १९४७' र 'बाध्यकारी श्रम प्रोटोकल २०१४' अनुमोदनका लागि संघीय संसद्मा पेस भइसकेको उनले बताए ।

मन्त्री यादवले श्रम शोषण र बाध्यकारी श्रममा सरकारको 'शून्य सहनशीलता' नीति रहेको स्पष्ट पारे । मन्त्री यादवले मानिसको सेवा, मर्यादित रोजगारी सिर्जना र सुरक्षित आप्रवासन सुनिश्चित हुने आधार निर्माणका लागि सबै आइएलओ सदस्य राष्ट्रहरूलाई मिलेर काम गर्न आह्वान गरे ।

# नवप्रवर्तनमन्त्री बने पुन



**काठमाडौं (प्रस)**– गत फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवार बनेर निर्वाचित भएका महावीर पुन पुनः मन्त्री भएका छन् । मंगलबार प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्रीमा नियुक्त गरेका हुन् ।

नवनियुक्त मन्त्री पुनले मंगलबार नै राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिए । त्यसलगत्तै सिंहदरवारस्थित मन्त्रालयमा पदभार ग्रहण गरे । सो अवसरमा मन्त्री पुनले विज्ञान र प्रविधिको विकासलाई द्रूत गतिमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे । उनले भने, 'विज्ञान प्रविधिको काम सुस्त गतिमा हुँदैन, रातदिन काम गरेर अगाडि बढ्ने हो ।' मन्त्री पुनले आफू मन्त्री पदमा लामो समय नबस्ने उल्लेख गरे । उनले भने, 'म यो मन्त्रीको पदमा धेरै बस्दिन, सरकार पाँच वर्षको भए पनि म बढीमा तीन वर्षमात्रै बस्ने हो ।'

आफ्नो कार्यकालमा विज्ञान प्रविधिसम्बन्धी जग बसालेर नयाँ पुस्तालाई जिम्मेवारी दिने उनको भनाइ छ । मन्त्री पुन भने, 'अरू मन्त्रालयको आ-आफ्नो नियम छ, मन्त्रालय र मन्त्री नयाँ भएको हुनाले शून्यबाट सुरु गर्नुपर्ने छ, नयाँ नियम बनाउनुपर्ने छ ।'

पुन सुशीला कार्की नेतृत्वको चुनावी सरकारमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री थिए । मन्त्री पद छाडेर म्याग्दीबाट स्वतन्त्र उम्मेदवार बनेर चुनाव लडेका उनी विजय हुँदै पुनः मन्त्री बनेका हुन् ।

# बिमाले तोकेकोभन्दा औषधिको बजार मूल्यमा ठूलो अन्तर

**चितवन**– ग्यास्टिक हुँदा खाने प्यान्टाप्राजोल औषधि बजारमा प्रतिटचाबलेट आठ रूपैयाँमा पाइन्छ । त्यही औषधि भरतपुर अस्पतालले १.१२ रूपैयाँमा बिक्री गर्छ सोही औषधि स्वास्थ्य बिमा बोर्डले १.५६ रूपैयाँमा बिक्री मूल्य तोकेको छ । सरसर्ती हेर्दा औषधि उत्पादकबाट उपभोक्तासम्म आइपुग्दाका बीचमा नाफा कति होला !

भरतपुर अस्पतालले बोलपत्रबाट खरिद गर्दाको मूल्यमा २० प्रतिशत नाफा थप गरेर बिक्री गर्दा यो मूल्य आएको हो । यसरी हेर्दा भरतपुर अस्पतालले खरिद गरेको मूल्य र औषधिको एमआरपी (खुद्रा मूल्य) हेर्दा आठ गुणभन्दा बढी फरक परेको छ ।

उक्त औषधिमात्रै होइन, प्रोस्टेटका बिरामीले प्रयोग गर्ने सिलोडोसिन आठ एमजीको बजार मूल्य ३५ रूपैयाँ प्रतिटचाबलेट पर्ने औषधि स्वास्थ्य बिमाले सात रूपैयाँ तोकेको छ । अस्पतालले बिमाबाहेककालाई ७.१५ रूपैयाँमा कोलेस्ट्रोलका लागि प्रयोग हुने रोजोभास्टिन २० एमजीको खुद्रा मूल्य ३८ रूपैयाँ छ भने स्वास्थ्य बिमाले ३.३८ रूपैयाँ र भरतपुर अस्पतालले त्यही औषधि १.७२ रूपैयाँमा कलेजोका औषधि युविलिक ३०० एमजी बजार मूल्य ४० रूपैयाँ छ भने स्वास्थ्य बिमाले ४.०५ रूपैयाँ र भरतपुर अस्पतालले ११.२६ रूपैयाँमा बिक्री गर्छ ।

दम हुँदा तान्ने सेरिडिल २५० को रोटा क्यापको बजार मूल्य प्रतिबट्टा ६०८ रूपैयाँ छ भने स्वास्थ्य बिमाको ३२३.४० रूपैयाँ र भरतपुर अस्पतालको ३७७.९० रूपैयाँ रहेको छ । मधुमेहका बिरामीले खाने इन्फाग्लिप्टिन २५ एमजीको बजार मूल्य ३० रूपैयाँ, स्वास्थ्य बिमाको १०.५० रूपैयाँ र भरतपुर अस्पतालको १६.९५ रूपैयाँ छ । अर्का भिटामिन बी १२ का लागि प्रयोग हुने मिथायल कोवालामिन १५०० एमजीको बजार मूल्य १९.८० रूपैयाँ, स्वास्थ्य बिमा बोर्डले २.७० रूपैयाँ र भरतपुर अस्पतालले १०.५३ रूपैयाँमा बिक्री गर्दै आएको छ ।

भरतपुर अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. विश्ववन्धु बगाले बिमाको दररेटमा कतिपय औषधि बिक्री गर्न कठिन हुने बताउँछन् । बोलपत्रमार्फत खरिद गरेको मूल्यमा २० प्रतिशत नाफा जोडेर हुने मूल्य वा बिमाले तोकेको मूल्य जुन सस्तो छ बिमाका बिरामीका लागि सोही आधारमा औषधि बिक्री गर्ने गरेको उनले बताए ।

बगालेले आफू आएलगत्तै खरिद मूल्यमा २० प्रतिशतभन्दा बढी नहुनेगरी दररेट निर्धारण गरेको हुँदा कतिपय औषधिमा बिमाले तोकेकोभन्दा सस्तो दररेटमा औषधि बिक्री गर्न कठिन हुने बताए ।

नेपाल औषधि उत्पादक संघ (एपोन) का महासचिव सन्तोष बराल बजार मूल्यको आधारभन्दा सस्तोमा औषधि बिक्री गर्दा नोक्सान हुने बताउँछन् । औषधि उत्पादकले थोक बिक्रेतालाई र थोक बिक्रेताले खुद्रा बिक्रेतालाई औषधि बिक्री गर्दछन् । उत्पादक कम्पनीले धेरै मिहेनत गर्ने हुँदा लागत मूल्य निकै कम हुने औषधिको बजार मूल्य धेरै महँगो हुने गरेको गुनासो आउने गर्दछ । यद्यपि, औषधिको नियम र बजार मूल्य सरकारी निकायबाट तय हुने गर्दछ । *रासस*


**कर्मचारी आवश्यकता**

प्रतिष्ठित लगानी कम्पनीका लागि एक जना लेखापाल (Accountant) आवश्यक परेको हुँदा इच्छुक उम्मेदवारहरुले आफ्नो बायोडाटा (CV) WhatsApp/Viber नं. ९८५१०८६४७८ मा पठाउनुहोस् ।

**सच्याइएको**

यस प्रभाव दैनिकको वर्ष १३ अंक ४७ जेठ २६ गते २०८३ मा प्रकाशित **Kapeel Manpower Pvt. Ltd** को विज्ञापनमा Lot No. 319642 को Saud Mohammed Saud Al Wazzan Establishment For Operation And Maintenance कम्पनी र Lot No. 334513 को Nas Manpower Solutions Co.. कम्पनीको अन्तर्वार्ता मिति : 16th Jun. 2026 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०६७/१२/२७ मा दर्ता भएको श्री **उपत्यका सेक्युरिटी सर्भिस प्रा. लि. (प्रा.लि. नं. ८३३४७)** नामक कम्पनीको १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**३५ दिने सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त **Four Star Overseas Employment Service Pvt Ltd** (इजाजतपत्र नं.: ४२०/०६०/६१) को नाम प्रयोग गरेर वैदेशिक रोजगारीमा पठाई दिन्छु भनी रकम संकलन गरिएको भन्ने सुन्नमा आएकोले यस प्रा.लि. को गम्भीर ध्यानाकर्षण भएको छ । यस प्रा.लि. को नाममा गरिने वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण काम यस प्रा.लि. बाट मात्र गर्न र आर्थिक कारोबार यस प्रा.लि. को लेखा शाखाबाट मात्र गर्नु हुन सरोकारवाला सबैमा अनुरोध गर्दछौं । साथै, अनधिकृत व्यक्तिसँग गरिएको कारोबारमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनामार्फत जानकारी गराइन्छ । यदि कोही कसैले यस प्रालिको नाम जोडेर वैदेशिक रोजगारसम्बन्धी कारोबार गरेको/गराएको जानकारी भएमा यो सूचना प्रकाशित भएको **३५ दिन**भित्र प्रमाणसहित जानकारी गराई दिनुहुन समेत अनुरोध गर्दछौं ।

FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.
Samakhusi-29 Kathmandu, Nepal, Tel: 01-4984202
9851255745, 9849829272
श्रम इजाजत नं. ४२०/०६०/६१

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग काठमाडौंको**
**सूचना**
सूचना प्रकाशित मिति : २०८३/०२/२७

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Aseana International Pvt. Ltd. (ई.प.नं. ५३७/०६७/०६८) ले** यस विभाग समक्ष चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सबुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८२/१२/१८ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**
प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०२/२७

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको **साल जात**को ए ग्रेड गोलिया ९ थानको १३८.८१ क्युफिट, बी ग्रेड गोलिया ३२ थानको ३४२.७८ क्युफिट, सि ग्रेड गोलिया ५२ थानको २६९.१५ क्युफिट र डि ग्रेड गोलिया २ थानको ४.४ क्युफिट जम्मा ९५ थानको ७५५.१४ क्युफिट काठ हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको १:०० बजे सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

अध्यक्ष
**श्री राउन्ने सामुदायिक वन उपभोक्ता समूह**
मोहन्याल गाउँपालिका वडा नं १ कैलाली

**साउदीमा रोजगार**

कम्पनी : MAJID ABDULAZIZ BIN AKRESH CONTRACTING EST. — सच्याइएको
पूर्व स्वीकृति मिति : २०८२/१०/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 338043 | चलानी नं. ६०२५१५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaning Worker | 1 | 0 | 1000 | ४०,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office And Facilities Cleaning Worker | 3 | 0 | 1000 | ४०,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १ गते (15th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५

**साउदीमा रोजगार**

कम्पनी : QALB ALTIKNULUJIYA FACTORY FOR PLASTIC PRODUCTS
पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343114 | चलानी नं.६०२५६५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Of A Pickup Truck | 4 | 0 | 1800 | ७३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SERENDIB LAUNDRIES
पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343115 | चलानी नं.६०२५६५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Staff | 1 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MADA OPERATION COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343116 | चलानी नं.६०२५६५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 1500 | ६१,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Faraz International Overseas Pvt. Ltd
Gaurighat, Gaurinagar, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

**मलेसिया/कुवेतमा रोजगार**

कम्पनी : D.A. DYNASTY CORPORATION SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343137 | चलानी नं. ६०२५६४७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stewarding & House Keepin | 18 | 0 | 1700 | ६४,१६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DWAY PROTECTION SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०१/०६ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 335750 | चलानी नं. ६०२४९३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 24 | 0 | 1700 | ६४,१६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DIET GATE FOR CATERING MANAGING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०८/१७ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 334735 | चलानी नं. ६०२४८३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef Assistant | 3 | 0 | 140 | ६९,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Drivers | 3 | 0 | 140 | ६९,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ३ गते (17th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SANTI OVERSEAS PVT. LTD.
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769
E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५

# समुदायमा आधारित पूर्वतयारी तथा बहुपक्षीय साझेदारीमा जोड



**काठमाडौं (प्रस)–** विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तनका चुनौती, समुदायमा आधारित पूर्वतयारी तथा बहुपक्षीय साझेदारीको आवश्यकतामा सम्बन्धित विज्ञहरूले जोड दिएका छन् ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा कार्यरत प्रकोप पूर्वतयारी सञ्जाल (डिपिनेट) नेपालले आफ्नो ३०औं वार्षिकोत्सवका अवसरमा यहाँ आयोजित सुरक्षित नेपालका लागि साझेदारी, ज्ञान र उत्थानशीलताको तीन दशक विषयक कार्यक्रमका सहभागी वक्ताहरूले विगतका अनुभवलाई आधार बनाएर आगामी दिनमा पूर्वतयारी, सुशासन र जोखिम व्यवस्थापनलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा सञ्जय आचार्यले विपद् व्यवस्थापनमा व्यक्ति र परिवारस्तरदेखि नै सचेतना अभिवृद्धि गर्नुपर्ने तथा त्यसलाई समुदाय र संस्थागत संरचनासँग जोड्नुपर्ने बताए । उनले व्यक्ति, परिवार, समुदाय, स्थानीय, प्रदेश र संघीय सरकार, विकास साझेदार तथा नागरिक समाजबीचको समन्वयलेमात्र प्रभावकारी विपद् व्यवस्थापन सम्भव हुने धारणा राखे । जलवायु परिवर्तनको प्रभाव विशेषगरी हिमाली क्षेत्रमा तीव्ररूपमा देखापरेको उल्लेख गर्दै उनले जलवायु न्याय, अनुकूलन र जलवायु वित्तमा नेपालको पहुँच विस्तार गर्न अन्तर्राष्ट्रिय पहल आवश्यक रहेको बताए ।

एसोसिएसन अफ इन्टरनेसनल एनजिओज इन नेपाल (एआइएन)का अध्यक्ष डा. एसपी कलाउनेले जलवायु परिवर्तन, सहरीकरण र वातावरणीय जोखिमका कारण विपद् व्यवस्थापनको क्षेत्र झन् जटिल बन्दै गएको उल्लेख गर्दै डिपिनेटजस्ता सञ्जालहरूको आवश्यकता अझ बढेको बताए । समुदायलाई केन्द्रमा राखेर जोखिम न्यूनीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै उनले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पनि अहिले पूर्वतयारी, जोखिम न्यूनीकरण तथा पुनर्स्थापनामा लगानी बढाइरहेको जानकारी दिए ।

डिपिनेट नेपालका अध्यक्ष डा. वसन्तराज अधिकारीले विगतमा कम प्राथमिकतामा रहेका विपद् र जलवायु परिवर्तनका विषय अहिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसका केन्द्रमा पुगेको उल्लेख गर्दै विज्ञान, प्रविधि तथा कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ र बिग डाटाजस्ता नवीन प्रविधिको उपयोग गर्दै जोखिम व्यवस्थापनलाई सुदृढ बनाउनुपर्ने बताए । उपाध्यक्ष केशवदत्त भट्टले डिपीनेटले विगत तीन दशकदेखि विपद् व्यवस्थापनलाई प्रतिक्रियात्मक अवस्थाबाट पूर्वतयारीमुखी दृष्टिकोणतर्फ लैजान महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरे ।

कार्यक्रमको प्राविधिक सत्रअन्तर्गत जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईंले मनसुन, तापलहर जोखिमसम्बन्धी प्रस्तुति दिँदै यस वर्ष देशका अधिकांश क्षेत्रमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको जानकारी दिँदै मनसुन, एल निनो तथा इण्डियन ओसन डाइपोलजस्ता जलवायु प्रणालीले नेपालमा वर्षाको अवस्था निर्धारण गर्ने बताए ।

चटचाङविज्ञ सञ्जोग खनालले नेपालमा चटचाङबाट हुने मानवीय क्षति दक्षिण एसियाकै उच्चमध्ये रहेको बताए । सन् २०२० देखि २०२५ सम्म नेपालमा तीन करोडभन्दा बढी चटचाङ स्ट्रोक अभिलेख भएको जानकारी दिँदै प्रभावकारी पूर्वसूचना प्रणाली, समुदायस्तरको तयारी र जनचेतनाले चटचाङबाट हुने क्षति न्यूनीकरण गर्न सकिने धारणा राखे ।

# जनअपेक्षाअनुसार कार्यक्षेत्रमा खटिन सशस्त्र प्रहरी महानिरीक्षक पौडेलको निर्देशन



**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले सशस्त्र प्रहरी कर्मचारीमा पुरस्कार र दण्डको नीतिलाई कडाइका साथ लागू गर्दै राष्ट्र, संगठन र आमजनताको अपेक्षाअनुसार कार्यक्षेत्रमा खटिन निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा मंगलबार महानिरीक्षक पौडेलले सशस्त्र प्रहरी बल नेपालका विभिन्न युनिटको कमाण्डमा खटी जान लागेका अधिकृतलाई प्रत्यक्ष र 'भर्चुअल' माध्यमबाट सो निर्देशन दिएका हुन् । उनले आफू मातहत कर्मचारीको मनोबल उच्च राखी, समयमै समस्या र आवश्यकतालाई पहिचान गर्दै तल्लो तहसम्म प्रत्यक्ष सम्पर्कमा रहेर कार्य गर्नुपर्ने बताउँदै मातहत कर्मचारीका गुनासालाई 'चेन अफ कमाण्ड'मा ल्याउन निर्देशन दिए ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले फिल्डमा खटिने सशस्त्र प्रहरी कर्मचारीले नतिजामुखी कार्य गर्न सकियो भने राष्ट्र र संगठनको नाम उच्च रहनेमात्र नभई कमाण्डर र तल्लो तहसँगको सामीप्यता बढ्नुपर्नेमा जोड दिए ।

सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले कार्यक्षेत्रमा खटिने सशस्त्र प्रहरी कर्मचारीहरू सस्तो लोकप्रियता र मिडियाबाजीमा ध्यान नदिई नयाँ जोस र ऊर्जाका साथ आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्न पनि आग्रह गरेका छन् । उनले राजस्व चुहावट नियन्त्रण तथा सीमा क्षेत्रमा हुने अवैध चोरी तस्करीविरुद्ध कडारूपमा प्रस्तुत भई नेपाल सरकारबाट प्रतिबन्धित वस्तुहरू सीमाबाट भित्रन नदिन सशस्त्र प्रहरी कर्मचारीहरू थप सक्रियताका साथ लाग्नुपर्ने बताए ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/२७ गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सम्पनता ओभरसिज प्रा.लि**. को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गोल्डेन ग्लो ओभरसिज प्रा.लि. (प्रा.लि.नं. २९६६४२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## बिमालेख हरायो

मिति २०८२/०६/२० गते सिराहा, कृष्णपुरदेखि लहानसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : प्रमानन्द झा**
**ठेगाना : कृष्णपुर-१, सिराहा**
**बिमालेख नं.: ११००४२०६०**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८०४७८१२७४**

## बिमालेख हरायो

मिति २०८३/०१/२५ गते काठमाडौं, डिल्लीबजारदेखि नक्सालसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : प्रविन कुमार झा**
**ठेगाना : डिल्लीबजार, काठमाडौं**
**बिमालेख नं.: ११००२०७८९**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१००८६३६**

## सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.
**Sandus Saving & Credit Co-operativge Ltd.**
**Head Office:** Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528
**E-mail:** sandussaving@gmail.com

### कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सूचना

**प्रकाशित मिति : २०८३/०२/२७ गते**

तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले यस सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.को मूख्य कार्यालय भक्तपुर जिल्ला मध्यपुरथिमी न.पा. वडा नं. ३ कौशलटार र सेवा केन्द्र का.म.न.पा. वडा नं. १० पुरानोबानेश्वर काठमाडौंबाट विभिन्न शीर्षकअर्न्तगत लिनु भएको कर्जा रकम संस्थालाई तिर्न बुझाउन पर्ने साँवा, ब्याज, हर्जना आदि रकम तिर्न बुझाउनु भनी पटक पटक मौखित तथा लिखित रूपमा तर ताकेता गर्दा पनि बेवास्ता गरी तिर्न बुझाउन नआई संस्थासँग गर्नु भएको ऋण सम्बन्धी शर्त बन्देजहरूलाई उल्लंघन गर्नु भएको हुँदा ऋण वापत तिर्न बुझाउन बाँकी रहेको साँवा, ब्याज, हर्जना रकम यथाशिघ्र चुक्ता गर्न हुन यो सार्वजानिक सूचना प्रकाशित गरिन्छ ।

**अत** : यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस)** दिन भित्रमा आफूले कर्जा प्राप्त गरेको संस्थाको प्रधान कार्यालयमा सम्पर्क राखी कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जना रकम अबिलम्ब चुक्ता गर्नु होला । अन्यथा तपाई ऋणीहरु तथा एकाघरका परिवार र जमानी दिनेको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट र धितो सुरक्षण वापत रोक्का गरी दिनु भएको सम्पत्तिलाई समेत सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनीयम र ऋण लगानी तथा असुली नीति एवम् प्रचलित ऐन कानुन बमोजिम लिलाम, बिक्री वा अन्य व्यबस्था गरी संस्थाको लेना रकम असुल उपर गरिलिने प्रक्रिया अगाडि बढाइने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीहरुको नाम थर | व्यक्तिगत जमानीको नाम थर |
|---|---|
| **१. ऋणीको नाम : विनोद बिक्रम राणा**<br>बुवाको नाम : रेफ विक्रम राणा<br>बाजेको नाम : गेहेन्द्र विक्रम राणा<br>स्थायी ठेगाना : का.जि. का.म.न.पा. वडा नं. १०<br>धितो रहेको जग्गा : जिल्ला कैलाली मुनुवा गा.वि.स. वडा नं. ९ को कित्ता नं. १०९०, क्षेत्रफल १-०-० (विघा) | १. नाम थर : बुदि बहादुर तामाङ्<br>बुवाको नाम थर : सानु कान्छा घिसिङ्<br>स्थायी ठेगाना : काभ्रे जिल्ला बालुवापाटी देउपुर गा.वि.स. वडा नं. २<br>२. नाम थर : रजनी राई (राणा)<br>बुवाको नाम थरः विर्ख ध्वज राई<br>पतिको नाम थर : बिनोद विक्रम राणा<br>स्थायी ठेगाना : का.जि. का.म.न.पा. १० |
| **२. ऋणीको नाम थर : कृष्ण बहादुर पौडेल**<br>बुवाको नाम थर : नारायण प्रसाद पौडेल<br>बाजेको नाम थर : हरि नारायाण पौडेल<br>स्थायी ठेगाना : रामेछाप जिल्ला खनियाँपानी गा.वि.स. ६<br>धितो रहेको जग्गा : सर्लाही जिल्ला हरिवन गा.वि.स. वडा नं. ८ च को कित्ता नं. ९०८, ४१७ र ११७३ को क्षेत्रफल ०-७-०, ०-१०-१ र ०-५-० (विघा) | १. नाम थर : गोमा देवी पौडेल<br>पतिको नाम थर : कृष्ण बहादुर पौडेल<br>स्थायी ठेगाना : रामेछाप जिल्ला खनियाँपानी गा.वि.स. वडा नं. ६<br>२. नाम थर : सुरज पौडेल<br>बुवाको नाम थर : कृष्ण बहादुर पौडेल<br>बाजेको नाम थर : नारायण प्रसाद पौडेल<br>स्थायी ठेगाना : का.जि. बु.न.पा. ११<br>३. नाम थर : सिता कुमारी<br>पतिको नाम थर : सुरज पौडेल<br>बुवाको नाम थर : रण बहादुर राय<br>स्थायी ठेगाना : बारा जि. निजगढ ७ |
| **३. ऋणीको नाम थर : सिताराम थापा**<br>बुवाको नाम थर : शिव शंकर थापा<br>बाजेको नाम थर : भक्त बहादुर थापा<br>स्थायी ठेगाना : का.जि. गोठाटार गा.वि.स. ८ | १. नाम थर : सिर्जना खडका<br>पतिको नाम थर : सिताराम थापा<br>बुवाको नाम थर : डम्बर बहादुर खडका<br>स्थायी ठेगाना : गोरखा जि. ता.मा.ला.बोट १ |
| **४. ऋणीको नाम थर : कृष्ण बहादुर नगरकोटी**<br>बुवाको नाम थर : जगत बहादुर नगरकोटी<br>बाजेको नाम थर : भक्त बहादुर नगरकोटी<br>स्थायी ठेगाना : धादिङ जि. आगिन्चोक गा.वि.स. ९ | १. नाम थर : सुकु माया नगरकोटी<br>पतिको नाम : कृष्ण बहादुर नगरकोटी<br>स्थायी ठेगाना : धादिङ जि. आगिन्चोक गा.वि.स. ९ |
| **५. ऋणीको नाम थर : प्रकाश राई**<br>बुवाको नाम थर : खड्ग बहादुर राई<br>बाजेको नाम थर : बुद्धि मान राई<br>स्थायी ठेगाना : संखुवासभा जिल्ला मत्स्यापोखरी गा.वि.स. वडा नं १<br>**धितो विवरण** :<br>इन्जिन नं. JLXCMK00207<br>चेचिस नं. MD36FX9MCK80776<br>बा. प्र. ०२, ०२३ प २०९८<br>ग्रे कलरको पल्सर २०० NS ABS मोटरसाइकल । | |

## कतारमा रोजगार
कम्पनी : SERENDIP CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. 343195 | चलानी नं. ६०२५६५०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 4 | 0 | 1200 | ५०,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour Cleaner | 10 | 0 | 1000 | ४२,०४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREATER VISION OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772

## कतारमा रोजगार
कम्पनी : AL ALIA FOR MAINTENANCE AND AGRICULTURE AND CLEANING — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८३/०२/२२ | LT. No. 343017 | चलानी नं. ६०२५६३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 3 | 3600 | १५०,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Administration / Office Clerk | 0 | 3 | 3500 | १४६,१४५ | | | | | | | |
| 3. | Farmer | 5 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 4. | Follow Up Clerk (Autocad) | 0 | 4 | 2500 | १०४,३९० | | | | | | | |
| 5. | Office Workers | 5 | 0 | 1500 | ६२,६३५ | | | | | | | |
| 6. | Purchasing Representative | 0 | 2 | 3000 | १२५,२६५ | | | | | | | |
| 7. | Receptionist | 0 | 3 | 2500 | १०४,३९० | | | | | | | |
| 8. | Sales Executive | 0 | 3 | 3500 | १४६,१४५ | | | | | | | |
| 9. | Services Agent | 0 | 5 | 1500 | ६२,६३५ | | | | | | | |
| 10. | Supervisor | 0 | 5 | 3000 | १२५,२६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १ गते (15th June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KALIKA HUMAN RESOURCE PVT LTD**
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np
Govt. License 1331/074/75

## साउदीमा रोजगार
कम्पनी : IMDAD AL-KHALIJ FOR GAS EST. — शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343144 | चलानी नं. ६०२५६४८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 1 | 0 | 1800 | ७३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHREESHA INTERNATIONAL PVT.LTD.**
Govt. License 1573/079/080
Koteshwor-32, Kathmandu, Nepal Tel: 01-5918931, 5918932 Mobile No : 9802352700
Email: info@shreeshainternational.com, www.shreeshainternational.com
For Location

## साउदीमा रोजगार
कम्पनी : MOHAMMED ABDULLAH ALJAMMAZ EST. FOR REAL ESTATE. — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/०४/०८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 327681 | चलानी नं. ६०२४१५९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Roof Cleaning labour | 2 | 0 | 1300 | ५२,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ८ गते (22nd June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKYWAYS BUREAU SERVICES PVT.LTD.**
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com
Govt. License No. 871/066/67

## युएइ/ओमनमा रोजगार

कम्पनी : MELANGE LADIES BEAUTE CENTER

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343162 | चलानी नं. ६०२५६४८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 1 | 1500 | ६२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicurist | 0 | 2 | 1500 | ६२,४६० | | | | | | | |

कम्पनी : SPALOON BEAUTY LADIES SALOON

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343163 | चलानी नं. ६०२५६४८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage/beauty Therapist | 0 | 1 | 1500 | ६२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Beautician Manicurist/pedicurist | 0 | 2 | 1500 | ६२,४६० | | | | | | | |

कम्पनी : LE SOLEIL LADIES SALON

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343164 | चलानी नं. ६०२५६४७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician Manicurist/pedicurist | 0 | 1 | 1500 | ६२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : A TOUCH OF THE BEAUTY OF THE UNIVERSE

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343165 | चलानी नं. ६०२५६४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 170 | ६७,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Rohinimarg, Old Baneshwor-10, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

## साउदीमा रोजगार
कम्पनी : RASA FOOD INDUSTRIES CO.

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343072 | चलानी नं. ६०२५६५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load & Unloading Workers | 5 | 0 | 1000 | ४०,७३५ | | | | | | | |
| 3 | Kitchen Tools Cleaning Worker | 5 | 0 | 1000 | ४०,७३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, 9803923830 ( Ramesh ), E-mail : alkausar.hrm@gmail.com

## मलेसियामा रोजगार
कम्पनी : TRANSPAK WORLDWIDE SDN BHD — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/११/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 339792 | चलानी नं. ६०२५३३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 3 | 0 | 1700 | ६४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १ गते (15th June 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

## कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८३/०२/२७ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली कार्यबिधी बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

**तपसिल**

**दमौली तनहुँ**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **श्रीराम खनाल**<br>ना.प्र.नं.- ४३ ३६४००<br>जारी मिति -२०५६/०२/३१, जि.प्र.का. तनहुँ<br>बाबु - सुवर्णभद्र खनाल<br>बाजे -विरशाली शर्मा<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, वसन्तपुर गा.वि.स, वडा नं. ०२<br>हालको ठेगाना- तनहुँ जिल्ला, ब्यास न.पा, वडा न.४, | १. **कृष्ण कुमारी पौडेल खनाल**<br>ना.प्र.नं.- ४३१०१८/१०१७९२<br>जारी मिति -२०६४/०६/१७, जि.प्र.का. तनहुँ<br>बाबु - ऋषि राम पौडेल<br>बाजे - पुर्ण बहादुर पौडेल<br>स्थायी ठेगाना- तनहुँ जिल्ला, भानु न.पा., वडा नं. ०७<br>हालको ठेगाना- तनहुँ जिल्ला, ब्यास न.पा, वडा न.४ |

**धितो सुरक्षणको विवरण**

१. **कृष्ण कुमारी पौडेल** खनालको नाममा मालपोत कार्यालय, तनहुँमा दर्ता कायम रहेको तनहुँ जिल्ला, जामुने गा.वि.स. वडा नं. ९/९ण स्थित कित्ता नं. २७४, २७६, २७७, २८०, २७९, २८३ र २८४, को जम्मा क्षे.फ. ३,९१०.९४ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात ।

**धादिङबेशी, धादिङ**

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| १. **बम बहादुर तामाङ**<br>ना.प्र.नं.- ३८१३३,<br>जारी मिति - २०५७/०४/१५, जि.प्र.का. धादिङ<br>बाबु - कृष्ण बहादुर तामाङ<br>बाजे - धन बहादुर तामाङ<br>स्थायी ठेगाना- धादिङ जिल्ला गजुरी गा.वि.स. वडा नं. ०२,<br>हालको ठेगाना- धादिङ्ग जिल्ला, गजुरी गा.पा. वडा नं. ०२ | १. **सिता थिङ तामाङ**<br>ना.प्र.नं.- २६-०१-७३-०७१८१<br>जारी मिति - २०७३/०७/०३, जि.प्र.का. धादिङ<br>बाबु - भक्त बहादुर थिङ तामाङ<br>बाजे - हरि बहादुर तामाङ<br>स्थायी ठेगाना- धादिङ जिल्ला, गजुरी गा.वि.स., वडा नं. ०८<br>हालको ठेगाना- धादिङ जिल्ला गजुरी गा.पा. वडा नं. ०२ |

**धितो सुरक्षणको विवरण**

१. **बम बहादुर तामाङ**को नाममा मालपोत कार्यालय, धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, गजुरी गा.वि.स वडा नं. २/क (हाल गजुरी गा.पा. वडा नं. ०२) स्थित कित्ता नं. ६५१ को क्षे.फ. ०-१५-०-२ (रोपनी) को घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**कुमारी बैंक लिमिटेड**
**KUMARI BANK LIMITED**
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## सुशासन कि 'चोख्याउने' शासन ?

**सुशासन स्थापना र भ्रष्टाचार अन्त्यको घोषणासहित फागुन २१ गते निर्वाचनमा होमिएको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)लाई जनताले पत्याए । यसको मूल कारण हो सत्तामा ३० वर्षदेखि हालीमुहाली गर्दै आएका पुराना दलका नेताहरूको अनुहार । ती नेताको एकै नीति हुन्थ्यो– आफ्नो दलको नेतालाई जोगाउने । ती नेताले सत्तालाई 'म्युजिकल चेयर' बनाएर आफ्नालाई चोख्याइरहे, जोगाइरहे । यसैको आक्रोश पुराना दलमाथि पोखिँदा रास्वपाको भागमा झण्डै दुईतिहाइको मत ओइरियो । नौजवान युवाहरूले भरिएको रास्वपाले युवा वालेन्द्र शाहलाई सरकारको नेतृत्व गर्न पठाउँदा जनता झनै खुसी भए ।**

**यो सरकारले १०० दिनमै आफूले गर्ने १०० मुख्य बुँदाका कामहरू सार्वजनिक गर्दा रास्वपालाई मत दिएकाहरू गद्गद् भए । तर जनताले जुन किसिमले विश्वास गरेका थिए, रास्वपाले सरकार चलाएको ७० दिन नाघ्दा कामभन्दा गफ बढी देखिएको छ । यो बीचमा सरकारले भनेका १०० काम त भएन नै, श्रममन्त्री दीपक शाह विवादमा तानिएर राजीनामा दिन बाध्य भए । विवादित बिचौलिया दीपक भट्टसँग व्यावसायिक साझेदारी रहेको आरोप लागेपछि गृहमन्त्रीबाट २७औं दिनमै सुधन गुरुङ राजीनामा दिन बाध्य भए । उनै गुरुङलाई पुरानै नेताहरूको नीतिकै शैलीमा प्रधानन्त्री शाहले चोख्याउने रणनीति बनाए ।**

**पूर्वन्यायाधीशको नेतृत्वमा छानबिन समिति गठन गरे । जेन–जी विद्रोहमा अग्रभागमा देखिएका गुरुङले भट्टलाई साझेदार बनाएर बिमा कम्पनीको सेयर किनेका थिए । घरजग्गामा हदबन्दीभन्दा बढी सम्पत्ति उनैले सार्वजनिक गरेको सम्पत्ति विवरणमा देखिएको थियो । सुन आर्जन गरेको कुनै स्रोत थिएन । यस्ता प्रश्नहरू उठ्दा छानबिन समितिले भने गुरुङको हकमा सुनपानी छर्किदियो ।**

**उक्त समितिकै प्रतिवेदनको आधारमा मंगलबार गुरुङ गृहमन्त्रीमा पुनर्बहाली भएका छन् । गुरुङ गृहमन्त्री बनेसँगै सरकार 'जुन जोगी आए पनि कानै चिरेका' नेपाली उखान चरितार्थ पार्ने गरी अघि बढेको प्रस्ट हुन्छ । सबैभन्दा अचम्म लाग्दो विषय त प्रतिवेदन सार्वजनिक नगरी नै गुरुङलाई सरकारले चोख्याएको छ । पुराना दलका नेताहरू कुनै विवादमा तानिँदा चर्को स्वर गरी राजीनामा माग्ने रास्वपाका नेताहरू मौन बस्नु र अझ बचाउमै उत्रनु आफैंमा उदेकलाग्दो छ ।**

**गुरुङलाई सफाइ दिएर पुनर्बहाली गरिएसँगै वालेन्द्र सरकारले लिएको सुशासनको नारामाथि धक्का लागेको छ । उक्त नारालाई सरकार आफैंले रद्दीको टोकरीमा फालिदिएको छ । अर्को महत्त्वपूर्ण विषय, राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनलाई पूर्णतः बेवास्ता गरियो । आयोगको प्रतिवेदनमा गुरुङमाथि थप छानबिन गर्न प्रस्टरूपमा भनिएको छ । संवैधानिक आयोगले गरेको सिफारिस कार्यान्वयन गर्नु सरकारको दायित्व हो । तर, आयोगको प्रतिवेदन कार्यान्वयन त परै जाओस्, आफैंले गठन गरेको छानबिन समितिको प्रतिवेदनसमेत सार्वजनिक नगरी गुरुङलाई गृहमन्त्रीमा पुनर्बहाली गर्नुले सरकारको नियत छर्लंग पारेको छ ।**

### श्रम सरोकार

## निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# श्रमिकलाई पीडा: राज्यभन्दा चार कदम अगाडि म्यानपावर



❑ मोहनकुमार दाहाल

"जबसम्म श्रमिकले खुलेर नबोल्ने, उजुरी नदिने र कानुनले दिएको अधिकार प्रयोग नगर्ने हो, तबसम्म ठगी गर्नेहरूलाई कारबाही गर्न सरकारलाई नै कठिनाइ हुने छ । तर प्रश्न यो हो- के सरकारले श्रमिकलाई खुलेर बोल्न सक्ने बनाउने प्रयास गरेको छ ? न त गुमनाम उजुरीको व्यवस्था छ, न त उजुरीकर्तालाई हुने सम्भावित धम्कीबाट जोगाउने संयन्त्र । श्रमिकलाई लाग्छ, 'यदि मैले अहिले उजुरी गरेँ भने मेरो उडान रोकिन्छ, भिसा खारेज हुन्छ, तिरेको पैसा डुब्छ र म्यानपावरले अर्को व्यक्ति पठाएर काम गरिहाल्छ ।' यो सोच पूर्णतया सही हो, किनभने म्यानपावरको विकल्प छ, श्रमिकको छैन ।

वैदेशिक रोजगारीमा जाने श्रमिकको हक हित संरक्षणका लागि सरकारले गत वैशाख २ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चालनमा ल्याएको 'श्रम सहायता तथा सूचना कक्ष' प्रभावकारी बन्न सकेको छैन । युवा, श्रम तथा रोजगार मन्त्रालय (तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय), वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको सहकार्यमा स्थापित यो कक्ष औपचारिकतामै सीमित देखिएको छ । श्रमिकले म्यानपावरलाई तिरेको यथार्थ रकम नखुलाउने, उजुरी गर्न डराउने र म्यानपावरका अगाडि झुक्ने प्रवृत्तिले वैदेशिक रोजगारीको ओडारमा भएको गैरकानुनी आर्थिक चलखेल पत्ता लाग्न सकेको छैन । सरकारी संयन्त्र नै कमजोर हुँदा म्यानपावर व्यवसायीहरूले गोप्यरूपमा ठूलो आर्थिक चलखेल गर्दै आएका छन् । विमानस्थलको सहायता कक्ष जाने क्रमको एउटा औपचारिकतामात्र बनेको छ, जबकि हरेक विदेसिने श्रमिकको पूर्णसुरक्षाको प्रत्याभूति गराउन सरकार निःसर्त असफल भएको छ ।

वास्तविकता भने यसभन्दा केही गम्भीर र चिन्ताजनक छ । म्यानपावर कम्पनीहरूले प्रत्यक्षरूपमा श्रमिकसँग रकम लिँदैनन्, बरु एजेण्टको माध्यमबाट सम्पूर्ण कारोबार गर्छन् । तर त्यो भन्दा पनि चिन्ताको विषय के हो भने, यी एजेन्सीहरूले न त बैंकको चेक स्वीकार गर्छन्, न त क्युआर कोड वा अनलाइन ट्रान्सफरको कुनै व्यवस्था नै गरेका हुन्छन् । कानुनी रसिद दिनु त परको कुरा, औपचारिकताको नाममा १० हजार रूपैयाँको सानो रसिद देखाएर लाखौंको कारोबार छिपाइन्छ । वास्तविक लेनदेन पूर्णरूपमा नगदमा हुन्छ, जहाँ एजेण्ट र श्रमिकबीच कुनै लिखत रहँदैन । यो ठगीको यति सूक्ष्म र संगठित सञ्जाल हो कि हरेक किस्ताको रकम एउटा अदृश्य बहीमामात्र लेखिन्छ, जसको पहुँच म्यानपावर र एजेण्टबाहेक अरू कसैलाई हुँदैन ।

झन् डरलाग्दो पक्ष त के छ भने, श्रमिक र एजेण्ट दुवैलाई म्यानपावरको कार्यालयमा प्रवेश गर्नुपूर्व मोबाइल फोन स्विच अफ गर्न बाध्य पारिन्छ र फोन बाहिरै राख्न लगाइन्छ । त्यतिमात्र होइन, प्रवेश गर्नुअघि खल्तीदेखि शरीरको सामान्य जाँचसम्म गरिन्छ, अनिमात्र भित्र पस्ने अनुमति मिल्छ । यो प्रक्रिया सुन्दा वैदेशिक रोजगारी सेवा केन्द्रभन्दा कुनै गुप्तचर एजेन्सीको अपरेसन सञ्चालन भइरहेको झल्को दिन्छ । मोबाइल स्विच अफ गराउनुको मुख्य उद्देश्य के छ भने कसैले पनि गुप्त रेकर्डिङ, भ्वाइस म्यासेज वा भिडियो खिच्न नपाओस्, जुन भविष्यमा अदालतमा प्रमाण बन्न सकोस् । फोन गायब भएपछि एजेण्ट र श्रमिक दुवै बोलीको सहारामात्र बाँकी रहन्छ, र म्यानपावर आफैं निर्णायक बन्छ ।

यसरी शरीर खोजेर, प्रविधि रेकर्ड हुनबाट रोकेर र नगदको कालो अर्थतन्त्र चलाएर म्यानपावरहरूले प्रमाणविहीन कारोबारमात्र गर्दैनन्, श्रमिकलाई मानसिकरूपमा पनि आतंकित बनाउँछन् । एउटा साधारण श्रमिकको मनमा के प्रश्न उठ्छ ? यो ठाउँ पुलिस थाना हो कि माफिया कोठी ? अन्ततः उसलाई लाग्छ- 'मैले यति ठूलो सास्तीको सामना गर्नुपर्छ, उजुरी गर्नु त असम्भव छ ।'

यो सरल तर अत्यन्त हत्यारा प्रविधिले श्रमिकको आवाजलाई जन्मदै मुख बन्द गराइदिन्छ । दुर्भाग्य, यो सब कुनै न कुनै रूपमा सरकारी निकायको अञ्जानपन वा बेवास्ताको परिणाम हो । जबसम्म सरकारले म्यानपावर कार्यालयहरूमा अनिवार्य सिसिटिभी क्यामरा जडान, सम्पूर्ण प्रवेश प्रक्रियाको लाइभ रेकर्डिङ, श्रमिकको फोन जफत नहुने प्रत्याभूति र हरेक लेनदेन बैंकिङ प्रणालीमा अनिवार्य गर्नेजस्ता कडा नियम बनाउँदैन, तबसम्म यो गुप्तचरजस्तो संस्कार कायमै रहने छ । फलतः सरकारले तोकेको कानुनी लागतभन्दा दोब्बर, तेब्बर रकम असुल्ने काम गुपचुप हुन्छ । यो अवस्था हुँदा पनि सरकारी निकायहरू या त बेवास्ता गर्छन्, वा जानाजानी आँखा चिम्लन्छन् । सरकारले एउटा कदम चाल्ने प्रयास गर्छ, तर म्यानपावर एजेन्सीहरू त्योभन्दा चार कदम अगाडि हुन्छन् । यो विषम युद्धमा सधैं म्यानपावर अगाडि छ, किनभने उनीहरूसँग असीमित संसाधन, सूचनाको गुप्त सञ्जाल र बलियो राजनीतिक पहुँच छ । सरकारी कर्मचारीको एउटा पोस्टिङ हुन्छ, तर म्यानपावर व्यवसायी पुस्तौंदेखि यही क्षेत्रमा छ । यो विषमताको बीचमा श्रमिक सबैभन्दा कमजोर पक्ष हो ।

सहायता कक्षका एक अधिकृतका अनुसार अधिकांश श्रमिकले 'फ्रि भिसा' भन्दै गरे पनि लाखौं रूपैयाँ म्यानपावरलाई बुझाएको तथ्य सतहमा आइसकेको छ । उनले भनेका छन्, 'लागतको विषयमा सबै जनाले फ्रि-भिसामा गएको भन्नुभएको छ । अहिलेसम्म चार-पाँच जनालेमात्र तिरेको भन्नुभएको छ । एक जनाले युरोप जान म्यानपावरलाई छ लाख रूपैयाँ तिरेको भन्नुभएको थियो ।'

तर जब सोही रकम फिर्ता दिलाउन उजुरी गर्न आग्रह गरिन्छ, श्रमिक आफैं पछि हट्छन् । ती अधिकृत बताउँछन्, 'एउटा उजुरी लेख्नुस्, हामी म्यानपावरमा गएर रकम फिर्ता गर्न लगाउँछौं भन्दा मान्नुभएन । उजुरी गर्दा मलाई अप्ठ्यारो पर्छ, काम पाउँदिन होला, बालबच्चाको बिजोग हुन्छ भन्नुहुन्छ ।'

यो दृश्यले सरकारी संयन्त्र केवल औपचारिकतामा सीमित रहेको प्रस्ट देखाउँछ । श्रमिकको मनोविज्ञान बुझ्नुपर्छ- उनीहरूले आफ्नो सम्पूर्ण पुँजी, जग्गा धितो, सापटी लिएर त्यो रकम म्यानपावरलाई बुझाएका हुन्छन् । त्यो रकम फिर्ता हुनेमा अन्योल छ, तर विदेश नगए परिवारको भविष्य नै अँध्यारो हुने डर ठूलो छ । के सरकारी निकायले श्रमिकलाई यस्तो वातावरण दिन सकेको छ, जहाँ ऊ निडर भएर उजुरी गर्न सकोस् ? जवाफ छैन । श्रमिकलाई थाहा छ, उजुरी गरे केही हुँदैन । म्यानपावरले कागजी प्रक्रियामा आफूलाई निर्दोष देखाउँछ । एजेण्ट पहिल्यै गायब हुन्छ । श्रमिक मध्यरातमा मुद्दा लड्न सक्दैन । त्यसकारण चुप बस्नु नै बाध्यता बनेको छ ।

जबसम्म श्रमिकले खुलेर नबोल्ने, उजुरी नदिने र कानुनले दिएको अधिकार प्रयोग नगर्ने हो, तबसम्म ठगी गर्नेहरूलाई कारबाही गर्न सरकारलाई नै कठिनाइ हुने छ । तर प्रश्न यो हो- के सरकारले श्रमिकलाई खुलेर बोल्न सक्ने बनाउने प्रयास गरेको छ ? न त गुमनाम उजुरीको व्यवस्था छ, न त उजुरीकर्तालाई हुने सम्भावित धम्कीबाट जोगाउने संयन्त्र । श्रमिकलाई लाग्छ, 'यदि मैले अहिले उजुरी गरेँ भने मेरो उडान रोकिन्छ, भिसा खारेज हुन्छ, तिरेको पैसा डुब्छ र म्यानपावरले अर्को व्यक्ति पठाएर काम गरिहाल्छ ।' यो सोच पूर्णतया सही हो, किनभने म्यानपावरको विकल्प छ, श्रमिकको छैन ।

सरकारले सहायता कक्षजस्तो प्रतीकात्मक संरचना त बनायो तर त्यसलाई अधिकार र कार्यान्वयनको शक्ति दिन सकेन । म्यानपावरविरुद्ध मुद्दा चलाउन वर्षौं लाग्छ, कागजी प्रक्रियामा श्रमिक विदेश भइसकेको हुन्छ, अनि उजुरी मृतप्रायः बन्छ । हाल कक्षमा १७ वटा प्रश्न सोधिन्छन्- जाने व्यक्तिको सामान्य विवरणदेखि तिरेको रकम, कोमार्फत जान लागेको, सामाजिक सुरक्षा कोषको जानकारी, समस्या परे कहाँ सम्पर्क गर्ने भन्नेसम्म । तर प्रश्नहरू लामो भएकाले कतिपय श्रमिक रिसाउने गरेको र यसलाई परिमार्जन गर्ने तयारी भइरहेको बताइन्छ । साथै, कक्ष सबै श्रमिकसँग अनिवार्य जोडिने स्थानमा नभएकाले पनि सबैसँग कुराकानी गर्न समस्या छ ।

श्रमिकले बुझ्नुपर्छ- तिरेको थप रकम फिर्ता गराउन सकिन्छ, तर प्रमाणसहित उजुरी आवश्यक छ । एकपटक उजुरी परे अनुसन्धान गर्न, अनियमितता प्रमाणित भए रकम फिर्ता गराउन र दोषीलाई कारबाही गर्न सरकारी निकाय तयार रहेको श्रम मन्त्रालयको भनाइ छ । तर यथार्थ यसको विपरीत छ । उजुरी प्रक्रिया लामो, जटिल र जोखिमपूर्ण छ । म्यानपावरको बलियो सञ्जालको कारण उजुरी गर्ने श्रमिक पछि दबाबमा पर्ने, काममा अवरोध आउने वा सामाजिकरूपमै हानि भोग्नुपर्ने अवस्था छ ।

एउटा श्रमिकले एजेण्टलाई छ लाख रूपैयाँ बुझायो, तर कुनै रसिद छैन । उजुरी गर्दा प्रहरीले 'प्रमाण छैन' भन्छ । एजेण्ट भन्छ, 'मैले कहिल्यै पैसा लिएको छैन ।' यो चक्र वर्षौंदेखि चलिरहेको छ । कहिलेकाहीँ म्यानपावर र एजेण्ट नै मिलेर राज्यको संयन्त्रलाई परास्त गर्छन् । सिसिटिभी फुटेज 'मर्मत' को बहानामा गायब हुन्छ । यो सब देख्दा सरकारी निकाय मौन बस्नुको अर्थ या त बेखबरी हो वा जानाजानी बेवास्ता । यदि सरकारले साँच्चै चाहेको भए, हरेक लेनदेन अनलाइन र कडा अनुगमन गर्न सक्थ्यो । तर अहिले पनि म्यानपावर कार्यालयबाट नगदको झोला बोकेर बाहिर निस्किने दृश्य देखिन्छ । यो घुसपैठको खेल हो, जहाँ श्रमिकको पीडा सरकारी फाइलमामात्र थन्किन्छ ।

अबको आवश्यकता स्पष्ट छ- श्रमिकमा आत्मविश्वास जगाउने र उजुरी गर्दा सुरक्षाको प्रत्याभूति दिने । यसका लागि गुमनाम उजुरी प्रणाली, शीघ्र सुनुवाइ, श्रमिक सुरक्षा कोष, अनुगमनको डिजिटलाइजेसन र कडा जरिवाना तथा कारावासको व्यवस्था आवश्यक छ । तर यतिमात्रले पुग्दैन । म्यानपावर प्रवेश गर्दा शरीर खल्ती जाँच गर्ने प्रवृत्तिलाई तत्काल अवैध घोषित गर्नुपर्‍यो । हरेक लेनदेन बैंकिङ प्रणालीमा अनिवार्य गर्नुपर्‍यो । सरकारले 'वैदेशिक रोजगार स्मार्ट कार्ड' ल्याउनुपर्‍यो, जसमा हरेक किस्ताको रकम, एजेण्टको नाम, म्यानपावरको नाम र गन्तव्य देशको विवरण अनिवार्य दर्ता हुनुपर्‍यो । एजेण्टलाई अनिवार्य लाइसेन्स र पटक-पटक तालिम दिनुपर्‍यो । म्यानपावर कार्यालयभित्र सरकारी पर्यवेक्षक राख्नुपर्‍यो ।

हाल म्यानपावर कार्यालय एउटा 'ब्ल्याक बक्स' सरह छ, जहाँ भित्र के हुन्छ, बाहिरी संसारले जान्दैन । यदि सरकारी अधिकृतलाई अचानक निरीक्षणको अधिकार दिइयो र कुनै पनि कार्यालयमा प्रवेश गरेर प्रत्यक्ष लेनदेन हेर्न पाइयो भने ठूलो परिवर्तन आउँछ । तर सरकारले त्यो कहिल्यै गरेन, किनभने म्यानपावर व्यवसायीहरूको राजनीतिक पहुँच बलियो छ । उनीहरूले कर्मचारी सरुवा गराउन सक्छन्, अनुगमन टार्न सक्छन्, र सानो मुद्दा जितेर ठूलो चर्चाबाट बच्न सक्छन् । यो चलखेल नियन्त्रण गर्न राज्यले 'वैदेशिक रोजगार प्रवर्तन एकाइ' गठन गर्नुपर्‍यो, जसमा प्रहरी, वकिल, प्रविधि विज्ञ र गुप्तचर समावेश हुनुपर्‍यो ।

एउटा सहायता कक्षले सबै समाधान गर्न सक्दैन । चाहिन्छ चौतर्फी कार्ययोजना- सचेतना, कारबाही, प्रविधि र भ्रष्टाचारमुक्त प्रशासन । हरेक श्रमिकको उडानमा एउटा सत्य हुनुपर्‍यो- 'यदि तिमीले बढी पैसा तिर्‍यौं भने हामीलाई थाहा हुन्छ, र हामी कारबाही गर्छौं ।' तर आज श्रमिकले बढी तिरेर विदेश जान्छ, सरकारलाई थाहा हुँदैन, र उजुरीको आँट गर्दैन । यदि यही अवस्था रहह्यो भने श्रम सहायता कक्ष औपचारिकतामात्र हुने छ । यथार्थ परिवर्तनका लागि श्रमिक पनि अघि आउनुपर्छ र सरकारले पनि उनीहरूको पीडालाई मौनतामा मर्न दिनु हुँदैन । सरकारी संयन्त्र कमजोर भएकै कारण म्यानपावर व्यवसायीहरूले श्रमिकको सोझोपनको फाइदा उठाइरहेका छन् । राज्यले चाहेको भए यो चक्र तीन महिनामै तोड्न सक्थ्यो- सबै म्यानपावर कार्यालयमा अनलाइन भुक्तानी अनिवार्य, एजेण्टको लाइसेन्स सार्वजनिक, नगद लिएको सूचना पाउनासाथ इजाजत रद्द र उजुरी गर्ने श्रमिकलाई सरकारी सुरक्षा ।

तर त्यस्तो केही भएको छैन । यसले स्पष्ट संकेत गर्छ- या त सरकारी निकायहरू असक्षम छन्, वा यस खेलका साझेदार । जुनसुकै कारण भए पनि, अन्ततः श्रमिकले मार खानुपर्छ । देशको मूल पुँजी यिनै श्रमिक हुन्, जसले करोडौं रेमिटचान्स भित्र्याउँछन् । तर यिनै श्रमिकलाई ठगीकै बाटोमा उडान गर्ने प्रणाली नेपालमा स्थापित छ । यो निराशाजनक तथ्यप्रति सरकारको ध्यान जानु आवश्यक छ । चार कदम अगाडि नचलिकन राज्य निरीह बनिरहने हो भने श्रमिकको पीडा घट्दैन, बरु ठगी गर्नेहरूको मनोबल बढ्छ ।

अन्त्यमा, त्रिभुवन विमानस्थलको श्रम सहायता कक्ष सुरुआतको राम्रो पहल थियो, तर यो केवल सुरुआत हो । यसलाई वास्तविक सहायता बन्न सरकारले श्रमिकको पीडा बुझ्नुपर्‍यो । अहिले श्रमिक कक्षलाई 'थप प्रश्न र झण्झट' मात्र ठान्छन् । उनीहरूलाई विश्वास छैन कि सरकारले उनीहरूको पक्ष लिने छ । यो विश्वासको खाडल पुर्न सरकारले कारबाहीको गम्भीरता देखाउनुपर्‍यो । यदि एक-दुई ठूला म्यानपावर कम्पनीलाई कारबाही गरेर देखाइयो भने, सम्पूर्ण बजार हल्लिने छ । श्रमिकलाई लाग्नेछ- 'सरकार सक्रिय छ, अब हामी बोल्नुपर्छ ।'

तर त्यो देखिएको छैन । म्यानपावर व्यवसायीहरू सजिलै इजाजत नवीकरण गराउँछन् । यसले कानुनी प्रणाली मृतप्रायः छ भन्ने सन्देश दिन्छ । श्रमिकले बुझोस्- चुप भएर केही हुँदैन । तर सरकारले उसलाई बोल्ने वातावरण, सुरक्षा र विश्वास दिन जरुरी छ । सबैभन्दा महत्त्वपूर्ण- म्यानपावर कार्यालयको भित्री कार्यप्रणालीमा हस्तक्षेप गर्न सरकार डराउनु हुँदैन । नगद लेनदेन पूर्ण बन्द गर्नुपर्‍यो । मोबाइल जफत गर्ने, शरीर जाँच गर्ने कुसंस्कारलाई फौजदारी अपराध मान्नुपर्‍यो । त्यसपछि मात्र वैदेशिक रोजगारी यात्रा सुरक्षित हुन्छ । तबमात्र श्रम सहायता कक्ष साँचो अर्थमा 'सहायता' बन्न सक्छ । अन्यथा, यो पनि असफल प्रयोगको सूचीमा थपिने छ ।

मानिसहरूले 'के फाइदा उजुरी गरेर ?' भन्ने सोचलाई नै सत्य मान्न बाध्य हुने छन् । त्यो दिन आउनुअघि सरकार जागृत होस्, र श्रमिकलाई निडर बनाउने अभियान सुरु गरोस् । किनभने निडर श्रमिकमात्रै हुन् जसले म्यानपावरको हाड तोड्न सक्छन् । सरकारले त्यो सम्भव बनाउनुपर्छ । बाँकी सबै भाषण र कागजी योजना व्यर्थ हुन् । जबसम्म कारबाही हुँदैन, ठगीको ओडार बलियो हुँदै जान्छ । अब सरकारी निकायले 'बेवास्ता'को सोच छाडेर श्रमिकको सुरक्षा र न्यायको बलियो प्रणाली बनाउन ढिला गर्नुहुँदैन ।

*(लेखक एक्टिभ ओभरसिज प्रालि/याना म्यानेजमेन्ट एण्ड सर्भिसेज प्रालिका पूर्वकार्यकारी प्रमुख हुन्)*



**हात्ती आतंक** | कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका–३ मा सोमबार राति हात्तीले भत्काएको स्थानीय बन्धुराम डगौराको कच्ची घर । जंगली हात्तीले रातिको बेला बस्तीमा छिरेर घर भत्काउन थालेपछि स्थानीय बासिन्दा त्रसित अवस्थामा रहेका छन् । *तस्बिरः रासस*

# नदी नियन्त्रण योजना समयअघि नै सम्पन्न

**म्याग्दी–** बेनी नगरपालिका-४ सिंगा तातोपानीको मसारमा नदी नियन्त्रण योजना लक्ष्यअघि नै सम्पन्न भएको छ । म्याग्दी नदीको कटान र बाढीको जोखिममा परेको तातोपानी बस्ती संरक्षणका लागि जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कार्यालय पोखराले ठेक्कामार्फत 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण गरेको हो ।

कार्यालयका इञ्जिनियर नरजङ गुरुङले मसारस्थित म्याग्दी नदी किनारमा १०२ मिटर लामो, भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कंक्रिट र त्यसमाथि ग्याविन पर्खाल निर्माण गरिएको जानकारी दिए । उनका अनुसार तीन करोड ६८ लाख ८६ हजार रूपैयाँ लागत अनुमान गरिएको उक्त योजना निर्माणका लागि आरआरसी/जेमी जेभीसँग २०८२ वैशाख १० मा दुई करोड ७१ लाख रूपैयाँमा सम्झौता भएको थियो ।

आगामी असार २० गतेसम्मको ठेक्का अवधि भए पनि लक्ष्यभन्दा एक महिनाअगावै योजना सम्पन्न गरिएको निर्माण कम्पनीका प्रतिनिधि रामचन्द्र कार्कीले जानकारी दिए । गत माघ महिनादेखि निर्माण थालिएकामा इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिका बाबजुत कम्पनीले पाएको जिम्मेवारी समयमै पूरा गरेको उनले बताए ।

वि.सं. २०७८ मा म्याग्दी नदीमा आएको बाढीले तातोपानीस्थित फापरखेत र मसारमा कटान गरेको थियो । मसारमा दुईवटा घर भत्किएका थिए । योजना सम्पन्न भएपछि नदी कटानको जोखिममा रहेको फापरखेतमा रहेको सरस्वती मावि, ज्वालामाई भगवती आमा समूहको भवन र मसारको १७ घरपरिवार लाभान्वित भएका छन् ।

करिब १०० परिवारको बसोबास रहेको उपल्लो तातोपानी बजार पनि म्याग्दी नदीको कटानको जोखिममा छ । यसअघि ग्याविन पर्खाल निर्माण गरेर नदी नियन्त्रण गरिँदै आएकामा गत वर्षदेखि पक्की पर्खाल निर्माण गर्न थालिएको वडाध्यक्ष अणबहादुर खड्काले बताए । गत वर्ष संघीय सरकारको बजेट सहयोगमा सरस्वती माविको पछाडि ६६ मिटर लामो कम्पोजिट प्रविधिको पर्खाल निर्माण गरिएको थियो ।

यस्तै, प्रदेश सरकारको सहयोगमा उपल्लो तातोपानी बजार पछाडि ४० मिटर लामो पलम, सेयर र ग्याबियन पर्खाल निर्माण गरिएको थियो । यसपालि प्रदेश सरकारले विनियोजन गरेको २० लाख रूपैयाँ बजेटबाट पनि सोही क्षेत्रमा थप संरचना निर्माण गरिएको छ । प्राकृतिक उपचारस्थलको रूपमा परिचित तातोपानी म्याग्दीको प्रमुख पर्यटकीयस्थल हो । *रासस*

# नाम्खा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा

**सिमकोट (हुम्ला)–** यहाँको नाम्खा गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ । आर्थिक वर्ष २०८२/८३ का लागि गाउँपालिकाभित्रका ०-५९ महिनासम्मका सबै बालबालिकाले राष्ट्रिय खोप तालिकाअनुसार खोप प्राप्त गरेपछि गाउँपालिकालाई सोमबार पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो ।

'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता: पूर्ण खोप, सुरक्षित भविष्य' भन्ने मूल नारासहित आयोजित कार्यक्रममा नाम्खा गाउँपालिकालाई औपचारिकरूपमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सागर लामाले जानकारी दिए ।

सरोकार भएकाहरूको समन्वय र मातहतका स्वास्थ्य संस्थाहरूको सक्रियतामा मापदण्डअनुसार छ वटै वडाका लक्षित उमेर समूहका बालबालिकालाई पूर्ण खोप सेवा प्रदान गरिएपछि यस्तो घोषणा गरिएको उनले बताए । 'गाउँपालिकाभित्रका सबै ०-५९ महिनाका बालबालिकाले नियमित खोप प्राप्त गरेपछि विभिन्न चरणको प्रमाणीकरण प्रक्रिया पूरा गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको हो,' लामाले भने ।

गाउँपालिका अध्यक्ष तथा गाउँपालिका खोप समन्वय समितिका संयोजक प्रेम लामाले पूर्ण खोप सुनिश्चितता घोषणा गर्नुमात्र उपलब्धि नभएकाले अब यसको दिगोपनामा ध्यान दिनुपर्नेमा जोड दिएका छन् । उनले आगामी दिनमा पनि सबै सरोकार भएका निकाय, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका तथा समुदायको सहकार्य जरुरी रहेको बताए ।

गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामाले विगतको तुलनामा अभिभावकमा स्वास्थ्यसम्बन्धी चेतना वृद्धि भएकाले बालबालिकालाई नियमित खोप लगाउने दरमा उल्लेखनीय सुधार आएकाले पूर्ण खोप सुनिश्चितता अभियान सफल भएको बताए । *रासस*

# 'बर्डफ्लु' नियन्त्रणका लागि 'द्रुत कार्य टोली' परिचालन

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले बर्डफ्लु प्रभावित क्षेत्रमा रोग नियन्त्रण र अन्यत्र फैलिन नदिन आकस्मिक कार्य सुरु गरेको छ । पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालले रोग पुष्टि भएका १० जिल्लामा ७२ फार्मका करिब पाँच लाख १५ हजार पन्छी नष्ट गरिएको जानकारी दिए । सबैभन्दा बढी लेयर्स कुखुरा र स्थानीय जातका कुखुरा बढी प्रभावित देखिएका छन् ।

सरकारको निर्देशनअनुसार खटिएको 'द्रुत कार्य टोली' ले सात लाख अण्डा र १८३ टन दाना पनि नष्ट गरेको उनले बताए । दाहालका अनुसार केही सातअघि झापा, मोरङ, सुनसरी जिल्लामा देखिएको बर्डफ्लुपछि महोत्तरी, बारा, चितवनहुँदै पछि काठमाडौं, भक्तपुर, ललितपुर र पछिल्लो समय नवलपरासी जिल्लामा बर्डफ्लु फैलिएको छ ।

'यसको उपचार नै छैन । एकमात्र उपाय रोग देखिनासाथ जतिसक्दो छिटो नियन्त्रण गरेर फैलन नदिनु हो । त्यसैले पन्छीजन्य उत्पादन नष्ट गर्नुको विकल्प छैन । त्यसैले रोग नियन्त्रणका लागि पशु चिकित्सक र पशु स्वास्थ्यकर्मी अहोरात्र खटिएका छन्,' उनले भने ।

पछिल्लो समय काठमाडौं उपत्यका बर्डफ्लुको जोखिममा छ । चितवन र मुलुकका अन्य भागमा भने करिब करिब रोग नियन्त्रणमा आइसकेको पौडेलले जानकारी दिए । थप संक्रमण नहोस् भन्नका लागि प्रभावित क्षेत्रको सम्पूर्ण पन्छीजन्य उत्पादन नष्ट भएको करिब दुईमहिना पछिमात्रै व्यवसाय पुनः सुरु गर्न पाउने व्यवस्था रहेको पनि उनले जानकारी दिए ।

किसानलाई राहत

बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ अनुसार यसरी पन्छीजन्य उत्पादन नष्ट गरिएका किसानलाई लागत मूल्यको ७५ प्रतिशत राहत दिने व्यवस्था गरिएको छ । लागत मूल्य जिल्लाअनुसार फरक पर्नसक्ने भएकाले सम्बन्धित प्रमुख जिल्ला अधिकारीलगायत उच्च पदाधिकारीको बैठकले निर्णय गर्ने गरिएको महानिर्देशक दाहालले बताए ।

# अतिक्रमित संरचना हटाइयो

**गण्डकी–** सरकारी जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाइएपछि पोखरा महानगरपालिका-९ पृथ्वीचोकदेखि हङकङ बजार, ट्राफिक प्रहरी कार्यालय हुँदै नयाँबजार जोड्ने सडक चौडा भएको छ । पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरेर विभिन्न संघसंस्थाले निर्माण गरेका भवनमा यही जेठ १८ गते महानगरपालिकाले डोजर चलाएको थियो ।

हङकङ बजारको पूर्वपट्टी रहेका संरचना भत्काइपछि सो क्षेत्रको सडक खुला र फराकिलो बनेको हो । महानगर प्रमुख धनराज आचार्यले उक्त सडकलाई दुई लेनमा विस्तार तथा स्तरोन्नति गरिने बताए । उक्त सडक निर्माणपछि पृथ्वीचोकको ट्राफिक व्यवस्थापन सहज हुने उनको भनाइ छ ।

महानगरले पूर्वसूचना गरेर त्यस क्षेत्रमा बनेका अनधिकृत संरचना हटाएको थियो । विभिन्न दलगत संगठनदेखि विभिन्न सामाजिक संघसंस्थाले उक्त सरकारी जग्गामा भवन बनाई वर्षौंदेखि भाडासमेत असुल्दै आएका थिए । महानगरले अतिक्रमित संरचना हटाउने पूर्वसूचना गरेपछि संघसंस्था र व्यवसायीले भवन तथा सटर आफैं खाली गरेका थिए । पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले दुई लेन सडक निर्माणका लागि बजेटसमेत सुनिश्चित भइसकेको बताए ।

सडक मापदण्डभित्रका अस्थायी संरचना हटाउन खाद्य संस्थान र नेसनल ट्रेडिङलाईसमेत पत्राचार गरिसकिएको उनको भनाइ छ । 'उपत्यका नगर विकास समितिको जग्गा खाली भइसकेको छ, सडक मापदण्डअनुसार रेखांकन पनि भइसकेको छ,' वडाध्यक्ष मर्सानीले भने, 'त्यहाँ रहेका अन्य सरकारी कार्यालयहरूलाई पनि सडक मापदण्ड कायम गराउन महानगरबाट पत्राचार गरिएको छ ।'

उक्त सडक बनेपछि पृथ्वीचोक र बसपार्क क्षेत्रको सवारी चाप कम हुनुका साथै ट्राफिक व्यवस्थापनमा सहजता हुने उनले बताए । अव्यवस्थित भवन र साँघुरो सडकका कारण त्यस क्षेत्रको आवागमन प्रभावित हुँदै आएको थियो । वडाध्यक्ष मर्सानीले बसपार्क क्षेत्रका अनधिकृत संरचना पनि हटाउन प्रक्रिया सुरु भइसकेको बताए । सडक मापदण्ड कायम गर्न प्राविधिक नापजाँचसमेत भइसकेको उनको भनाइ छ ।

बसपार्कको जग्गा मिचेर बनाइएका पसल कबललगायत सबै संरचना हटाउन महानगरपालिका र पोखरा उपत्यका नगर विकास समितिले यसअघि नै सार्वजनिक सूचना जारी गरिसकेको छ । नगर विकास समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सघाउन सूचित गरेको हो ।

नगर विकास समितिको स्वामित्वमा रहेको बसपार्कको जग्गामा स्थानीयवासी, सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरू रहेका छन् । आधुनिक सुविधासम्पन्न बसपार्क बनाउन वि.सं. २०३२ मा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । बसपार्कका लागि अधिग्रहण गरिएको जग्गा अतिक्रमणमा पर्दै गएर अहिले करिब ६० रोपनी क्षेत्रफलमात्र बाँकी छ । *रासस*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ४७ जेठ २६ गते २०८३ मा प्रकाशित **HR Nepal Services Pvt. Ltd** को विज्ञापनमा Lot No. 343127 को Trefle Spa कम्पनीको अन्तवार्ता मिति : 16th Jun. 2026 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**HR NEPAL SERVICES PVT. LTD.**
श्रम इजाजत नं. १५४८/०७८/०७९
Rohinimarg, Old Baneshwor-10, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com



## साउदीमा रोजगार

कम्पनी : ECONOMIC CENTER CONTRACTING COMPANY.
पूर्व स्वीकृति मिति : २०८३/०२/०५ | LT. No. 342341 | चलानी नं.६०२५५६४६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 30 | 0 | 1800 | ७२,८२९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १ गते (15th Jun. 2026) मा हुनेछ ।
नोट : यो LT No. 342341 को Economic Center Contracting Company कम्पनीको विज्ञापन मिति २०८३ जेठ २५ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुटन गएकोले आज प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

पूर्व स्वीकृति मिति : २०८२/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 328939 | चलानी नं. ६०२४२७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser International Placement Services Pvt. Ltd.
श्रम इजाजत नं. १९०/०५७/०५८
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com



**साउदीमा रोजगार** — कम्पनी : PROFESPRESSOBAR CAFE FOR BEVERAGES — सच्याइएको — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342909 | चलानी नं. ६०२५६४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 2 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMIL ESTABLISHMENT FOR BEVERAGES — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342910 | चलानी नं. ६०२५६४४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 3 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MUD KAB ESTABLISHMENT. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342912 | चलानी नं. ६०२५६४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 4 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SLOWRA CAFE — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343077 | चलानी नं. ६०२५६४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 2 | 0 | 1200 | ४८,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHARIKAT DAR ALQASIM FACTORY FOR PAPER PRODUCTS. — शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 342911 | चलानी नं. ६०२५६४४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing& Packaging Worker | 5 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Worker Load And Unload | 3 | 0 | 1000 | ४०,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४



चिनियाँ राष्ट्रपति सी चिनफिङको स्वागतमा सोमबार उत्तर कोरियाको राजनीमा प्योङयाङमा आयोजना गरिएको विशाल समारोह ।
*तस्बिर: सिन्हवा*

# उल्लेख्य बढ्यो चीनको निर्यात




**बेइजिङ–** मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व व्यापार र आपूर्ति प्रणालीमाथि दबाब बढिरहेका बेला चीनको निर्यात मे महिनामा अपेक्षाभन्दा बलियो रूपमा बढेको छ । मंगलबार सार्वजनिक सरकारी तथ्यांकअनुसार विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनबाट हुने निर्यात गत वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले वृद्धि भएको छ, जसले बजारको अनुमानलाई समेत उछिनेको छ ।

चीनको भन्सार प्रशासन (जिएसी)का अनुसार मे महिनाको निर्यात वृद्धिदर अप्रिलको १४.१ प्रतिशतबाट थप उकालो लाग्दै १९.४ प्रतिशत पुगेको हो । अर्थशास्त्रीहरूले ब्लुमबर्गमार्फत गरिएको सर्वेक्षणमा १५ प्रतिशत वृद्धि हुने अनुमान गरेका थिए । वास्तविक तथ्यांक त्यो अनुमानभन्दा उल्लेख्यरूपमा माथि देखिएको छ ।

त्यसैगरी, चीनको आयात पनि बलियो रहृयो । मे महिनामा आयात वार्षिक आधारमा २७.४ प्रतिशतले बढेको छ । यो वृद्धिदर पनि ब्लुमबर्गको २६ प्रतिशतको पूर्वानुमानभन्दा उच्च रहेको छ । आयात र निर्यात दुवै क्षेत्रमा देखिएको मजबुत विस्तारले बाहृय व्यापार चीनको अर्थतन्त्रका लागि अझै महत्त्वपूर्ण सहारा बनेको संकेत गरेको छ ।

विशेषगरी संयुक्त राज्य अमेरिकातर्फको निर्यात उल्लेखनीयरूपमा बढेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बेइजिङ भ्रमणका क्रममा व्यापार सम्बन्ध प्रमुख एजेन्डाका रूपमा रहेको अवस्थामा चीनको अमेरिकातर्फको निर्यात एक वर्षको अवधिमा ३५.४ प्रतिशतले वृद्धि भएको जिएसीले जनाएको छ ।

तथ्यांकअनुसार अमेरिकामा चीनको निर्यात मे महिनामा ३९ अर्ब अमेरिकी डलर पुगेको छ । गत वर्षको सोही महिनामा यो रकम २८ अर्ब ८० करोड डलर थियो । त्यतिबेला ट्रम्प प्रशासनको व्यापार नीतिका कारण दुवै देशबीचको व्यापारिक गतिविधिमा दबाब परेको थियो ।

निर्यातमा आएको यो वृद्धि चीनको अर्थतन्त्रका लागि सकारात्मक संकेत मानिएको छ । चीनले लामो समयदेखि उत्पादन र निर्यातमा आधारित वृद्धिको मोडललाई विस्तारै घरेलु उपभोगमा आधारित बनाउने प्रयास गरिरहेको छ । तर अपेक्षाअनुसार आन्तरिक माग बलियो बन्न नसक्दा बाहृय व्यापार अझै पनि अर्थतन्त्रको प्रमुख आधार बनेको छ ।

यद्यपि चुनौतीहरू कायम छन् । कमजोर घरेलु माग, मध्यपूर्व द्वन्द्वका कारण बढ्दो ऊर्जा लागत तथा अन्तर्राष्ट्रिय ढुवानी व्यवस्थामा देखिएका अवरोधले आर्थिक गतिविधिमाथि दबाब सिर्जना गरिरहेका छन् । आधिकारिक तथ्यांकले दुई महिनाको विस्तारपछि मे महिनामा चीनको उत्पादन क्षेत्रको गतिविधि लगभग स्थिर अवस्थामा पुगेको देखाएको छ ।

ऊर्जा तथा रासायनिक उद्योगसँग सम्बन्धित कच्चा पदार्थको मूल्य बढ्दै जाँदा कारखानाहरूको उत्पादन लागत पनि बढिरहेको छ । ढुवानीमा देखिएका समस्या र आपूर्ति शृंखलामा परेको असरका कारण उत्पादन क्षेत्रले थप चुनौती सामना गरिरहेको विश्लेषकहरूले बताएका छन् ।

यद्यपि, यी चुनौतीकाबीच निर्यात र आयात दुवै क्षेत्रमा देखिएको अपेक्षाभन्दा राम्रो प्रदर्शनले चीनको बाहृय व्यापार अहिले पनि विश्व आर्थिक अनिश्चितताबीच तुलनात्मकरूपमा मजबुत रहेको संकेत दिएको छ । *रासस⁄एएफपी*

# अमेरिकाको निशानामा चिनियाँ टेक कम्पनी




**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले चीनका केही प्रमुख प्रविधि कम्पनीहरूले चिनियाँ सेनाको गतिविधिलाई सहयोग गरिरहेको विश्वास व्यक्त गर्दै तिनलाई समेटिएको अद्यावधिक सूची सार्वजनिक गरेको छ । यस कदमले हालै सुधारको संकेत देखिएको अमेरिका-चीन सम्बन्धमा पुनः तनाव बढ्न सक्ने अनुमान गरिएको छ ।

अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) ले सोमबार सार्वजनिक गरेको सूचीमा चीनका चर्चित प्रविधि कम्पनीहरू अलिबाबा, बाइडु, टेनसेन्ट, विद्युतीय सवारी निर्माता बिवाइडी तथा अन्य कम्पनीहरूलाई समावेश गरेको छ । पेन्टागनका अनुसार यी कम्पनीहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा चिनियाँ सैन्य क्षमतासँग सम्बन्धित गतिविधिमा संलग्न रहेको आशंका गरिएको छ ।

यो सूची अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही साताअघि बेइजिङ भ्रमण गरी चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गरेपछि सार्वजनिक गरिएको हो । उक्त भेटमा दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई स्थिर बनाउने प्रयास गरेका थिए । त्यसपछि ट्रम्पले सीलाई आगामी सेप्टेम्बरमा वासिङ्टन भ्रमणको निमन्त्रणा पनि दिएका थिए ।

यद्यपि पेन्टागनको पछिल्लो निर्णयले विश्वका दुई ठूला अर्थतन्त्रबीचको प्रतिस्पर्धा र अविश्वास अझ गहिरिन सक्ने विश्लेषण गरिएको छ । रक्षा मन्त्रालयले यसअघि फेब्रुअरीमा यस्तै सूची संक्षिप्तरूपमा सार्वजनिक गरे पनि केही समयपछि कुनै स्पष्ट कारण नदिई फिर्ता लिएको थियो ।

सोमबार सार्वजनिक गरिएको नयाँ सूची अधिकांशरूपमा फेब्रुअरीको संस्करणसँग मिल्दोजुल्दो छ । तर त्यसबेला सूचीबाट हटाइएका दुई प्रमुख मेमोरी चिप उत्पादक कम्पनीलाई पुनः समावेश गरिएको छ । ती कम्पनीहरू चांसिन मेमोरी टेक्नोलोजी र यांजे मेमोरी टेक्नोलोजी हुन् ।

अमेरिकी संसद्को चीनसम्बन्धी विशेष समितिका रिपब्लिकन अध्यक्ष प्रतिनिधि जोन मुलेनारले यो सूचीलाई अमेरिकी व्यवसाय, सरकारी निकाय र सर्वसाधारणका लागि चेतावनीका रूपमा व्याख्या गरे । उनले अमेरिकी कम्पनीहरूलाई राष्ट्रिय सुरक्षासँग सम्बन्धित जोखिम भएका यस्ता संस्थासँगको व्यापारिक सम्बन्ध पुनर्विचार गर्न आग्रह गरे ।

सूचीमा समावेश गरिएका कम्पनीहरूमध्ये अलिबाबा, बाइडू र टेनसेन्ट चीनका कृत्रिम बौद्धिकता (एआई) क्षेत्रमा अग्रणी मानिन्छन् । टेनसेन्ट यसअघि नै अमेरिकी निगरानी सूचीमा परिसकेको थियो । यद्यपि यी कम्पनीहरूलाई सूचीमा राखिए पनि तत्काल कडा कानुनी प्रतिबन्ध भने लाग्ने छैन । तर विश्लेषकहरूका अनुसार यस्तो सूचीलाई भविष्यमा थप कडा प्रतिबन्ध, लगानी नियन्त्रण वा अन्य दण्डात्मक उपायहरूको पूर्वसंकेतका रूपमा हेरिन्छ ।

नयाँ सूचीमा औषधि अनुसन्धान कम्पनी वुक्सी एपटेक तथा मानव आकारका रोबोट विकास गर्ने स्टार्टअप कम्पनी युनिट्रीलाई पनि समावेश गरिएको छ । अमेरिकाले चीनका संवेदनशील प्रविधि, कृत्रिम बौद्धिकता र उच्च प्रविधियुक्त उद्योगहरूमा सैन्य सम्बन्ध रहेको आशंका बढ्दै गएको सन्दर्भमा यस्तो कदम चालेको जनाएको छ । *रासस⁄एएफपी*

# ट्रम्पको दाबी: मध्यपूर्व शान्ति सम्झौता 'अन्तिम चरण'मा

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान र इजरायलबीच महिनौंदेखि जारी तनावपछि मध्यपूर्वमा शान्ति सम्झौता अन्तिम चरणमा पुगेको दाबी गरेका छन् । उनका अनुसार पछिल्लो समय पुनः चर्किएको शत्रुता रोकिएसँगै वार्ताकारहरू निर्णायक मोडमा पुगेका हुन् ।

राष्ट्रपति ट्रम्पले मंगलबार पत्रकारहरूसँग कुरा गर्दै इरान र इजरायलबीचको वार्ता अब 'अन्तिम चरण' मा प्रवेश गरेको बताए । उनले यसलाई 'धेरै राम्रो सम्झौता' को नजिक पुगेको प्रक्रिया भन्दै केही दिन वा हप्ताभित्र निष्कर्ष निस्कन सक्ने संकेत गरे ।

यसअघि उनले बारम्बार तेहरानसँग शान्ति सम्झौता नजिकै रहेको दाबी गर्दै आए पनि कूटनीतिक प्रक्रिया बारम्बार अवरुद्ध हुँदै आएको छ । अप्रिल ८ देखि लागू युद्धविरामपछि पनि दुवै पक्षबीच सीमित गोलीबारी र तनाव जारी रहेको उल्लेख गरिएको छ ।

ट्रम्पका अनुसार इरान र इजरायलबीच बारम्बार 'आक्रमण र प्रतिआक्रमण' भइरहे पनि दुवै पक्षले हाल आफूबाट रोक्ने सहमति गरेको अवस्था छ । उनले यो प्रक्रियालाई 'अज्ञानता वा मूर्खताबाट बाहिर निस्किने अवसर' का रूपमा व्याख्या गरे ।

इरानले कुनै पनि सम्झौतामा लेबनानको विषय समेटिनुपर्ने अडान दोहोर्‍याएको छ । साथै इजरायलले इरान समर्थित हिजबुल्लाहविरुद्ध सैन्य दबाब बढाइरहेका बेला आइतबार इजरायलमा क्षेप्यास्त्र प्रहार भएको बताइएको छ, जसले पुनः इजरायली प्रतिकारलाई निम्त्याएको थियो ।

त्यसपछि इरानले सैन्य कारबाही रोक्ने घोषणा गरे पनि केही घण्टामै पुनः क्षेप्यास्त्र प्रहार भएको र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले उक्त मोर्चामा स्थिति नियन्त्रणमा आएको बताएका विवरणहरू सार्वजनिक भएका छन् । नेतान्याहुले इरानले पुनः आक्रमण गरे कडा जवाफ दिने चेतावनी दिँदै 'पूर्ण शक्तिका साथ प्रतिक्रिया दिने' बताएका छन् । इजरायली रक्षामन्त्री इजरायल काट्जले भने लेबनानमा सैन्य अभियान निरन्तर रहने स्पष्ट पारे ।

अमेरिकी राष्ट्रपति ट्रम्पले यसअघि इजरायल र इरान दुवैलाई तत्काल गोलीबारी रोक्न आग्रह गरेका थिए । उनले नेतान्याहुलाई फोन गरेर इजरायललाई संयमता अपनाउन चेतावनी दिएको पनि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

यसबीच अमेरिकी उपराष्ट्रपति जेडी भान्सले संयुक्त राज्य अमेरिका र इजरायलका रणनीतिक चासोहरू धेरैजसो मिल्ने भए पनि केही अवस्थामा फरक हुन सक्ने बताएका छन् । क्षेत्रीय रूपमा लेबनानमा हिंसा तीव्र बनेको छ । इजरायली आक्रमणमा कम्तीमा १४ जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले आफ्ना फौजतर्फ प्रक्षेपण गरिएका केही प्रोजेक्टाइल रोकेको र कुनै हताहत नभएको दाबी गरेको छ । यमनबाट आएको भनिएको हवाई लक्ष्य पनि अवरोध गरिएको बताइएको छ । *रासस⁄एएफपी*

# विश्व द्वन्द्व ८० वर्षयताकै उच्च

**ओस्लो–** विश्वभर सन् २०२५ मा राज्य-सम्बन्धित सशस्त्र द्वन्द्व ऐतिहासिक उच्चस्तरमा पुगेको नर्वेको एक नयाँ प्रतिवेदनले देखाएको छ । प्रतिवेदनअनुसार दोस्रो विश्वयुद्धपछि पहिलोपटक एकै वर्षमा यति ठूलो संख्यामा द्वन्द्व र नागरिकमाथि आक्रमण दर्ता भएको हो । यसले विश्वव्यापी सुरक्षा अवस्था अत्यन्त चिन्ताजनक बनेको संकेत दिएको छ ।

नर्वेको ओस्लोस्थित शान्ति अनुसन्धान संस्थाद्वारा प्रकाशित वार्षिक 'द्वन्द्व प्रवृत्ति' प्रतिवेदनले सन् २०२५ मा कम्तीमा एउटा राज्य संलग्न ६५ वटा सशस्त्र द्वन्द्व विश्वभर दर्ता गरिएको जनाएको छ । यो संख्या सन् १९४६ यताकै सबैभन्दा उच्च रहेको प्रतिवेदनको निष्कर्ष छ ।

प्रतिवेदनमा भारत-पाकिस्तान, अफगानिस्तान-पाकिस्तान, कम्बोडिया-थाइल्याण्डबीचका सीमा तनावसँगै रुसको युक्रेनमाथिको आक्रमण र सिरियामा इजरायली सैन्य कारबाहीजस्ता घटनाले विश्वमा राज्य-राज्यबीचका द्वन्द्वलाई ८० वर्षयताकै उच्च बिन्दुमा पुर्‍याएको उल्लेख गरिएको छ ।

अनुसन्धानकर्ता सिरी आस रुस्तादले एएफपीसहितका सञ्चारमाध्यमसँग कुरा गर्दै पछिल्लो वर्षको अवस्था अत्यन्त निराशाजनक रहेको बताए । उनले सामान्यतया केही सकारात्मक प्रवृत्ति देखिने भए पनि यसपटक तथ्यांक असामान्यरूपमा उच्च रहेको टिप्पणी गरे ।

प्रतिवेदनअनुसार शीतयुद्धको अन्त्यपछिको अवधि हेर्दा सन् २०२५ तेस्रो सबैभन्दा घातक वर्ष बनेको छ । सो वर्ष करिब दुई लाख ४५ हजार मानिसको मृत्यु प्रत्यक्ष लडाइँ वा राजनीतिक हिंसासँग सम्बन्धित घटनामा भएको अनुमान गरिएको छ । तीमध्ये करिब ७६ हजार ५०० घटना नागरिकलाई लक्षित आक्रमणका रूपमा दर्ता भएका छन् । यो सन् २०२४ को १४ हजार २०० भन्दा धेरै गुणा बढी हो ।

विशेषगरी सुडानमा सेनाबीचको द्वन्द्वले ठूलो मानवीय संकट निम्त्याएको प्रतिवेदनले औंल्याएको छ । डार्फर क्षेत्रको एल-फासेर सहरमा भएको घेराबन्दी र हिंसात्मक घटनाका कारणमात्र करिब ६० हजार मानिसको मृत्यु भएको अनुमान गरिएको छ । यसलाई पछिल्ला दशकहरूकै सबैभन्दा गम्भीर नागरिक क्षति भएका घटनामध्ये एकका रूपमा लिइएको छ ।

प्रतिवेदनले शीतयुद्धपछि सन् १९९४ को रुवाण्डा नरसंहार र सन् २०२१ को इथियोपियाको टिग्रे युद्धपछि यति ठूलो मात्रामा रक्तपात देखिएको यो तेस्रो ठूलो चरण भएको उल्लेख गरेको छ । विश्लेषकहरूले अफ्रिका सबैभन्दा बढी प्रभावित क्षेत्र बनेको बताएका छन्, जहाँ राज्य-सम्बन्धित २९ वटा प्रमुख द्वन्द्व दर्ता गरिएको छ । त्यसपछि एसिया, मध्यपूर्व, अमेरिका र युरोप रहेका छन् ।

सिरी आस रुस्तादले पछिल्ला पाँच-छ वर्षमा एकै समयमा धेरै ठूला द्वन्द्व सक्रिय रहेको र ती एक-अर्कासँग जोडिँदै विश्वव्यापी तनाव झन् गहिरिँदै गएको बताए । उनका अनुसार विश्व अहिले निरन्तर उच्च तीव्रताको द्वन्द्व चक्रमा फसेको छ, जुन पहिलेको अवस्थाभन्दा फरक र झन् जटिल बनेको छ ।

प्रतिवेदनले उप्पसाला द्वन्द्व तथ्यांक कार्यक्रम र उप्पसाला विश्वविद्यालयद्वारा संकलित तथ्यांकलाई आधार बनाएको हो । यसले सशस्त्र हिंसालाई तीन श्रेणीमा विभाजन गरेको छ- राज्य संलग्न द्वन्द्व, गैरराज्य द्वन्द्व र नागरिकमाथि एकतर्फी हिंसा ।

क्षेत्रीय विश्लेषणअनुसार अफ्रिका सबैभन्दा बढी प्रभावित भए पनि एसिया र मध्यपूर्वमा पनि द्वन्द्व तीव्र बनेका छन् । अमेरिकामा केही क्षेत्रमा हिंसात्मक घटनामा वृद्धि देखिएको छ भने युरोपमा रुस-युक्रेन युद्धका कारण अस्थिरता कायमै रहेको प्रतिवेदनले जनाएको छ । इजरायललाई लिएर गरिएको विश्लेषणमा गाजा, सिरिया, लेबनान, इरान र हुथी विद्रोहीविरुद्धका विभिन्न सैन्य कारबाहीका कारण उक्त देश हाल विश्वका सबैभन्दा आक्रामक सैन्य सक्रियतामा रहेकोमध्ये एक भएको टिप्पणी गरिएको छ ।

त्यसैगरी संयुक्त राज्य अमेरिकाको सन्दर्भमा राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनरागमनपछि हिंसा र सैन्य-आर्थिक दबाब दुवै बढेको टिप्पणी गरिएको छ । रुस्तादका अनुसार बढ्दो व्यापार अवरोध र अन्तर्राष्ट्रिय सहकार्य कमजोर हुँदा विश्व थप ध्रुवीकृत बन्दै गएको छ । उनले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् प्रभावहीन बन्दै गएको र अन्तर्राष्ट्रिय सहकार्यमा कमी आउँदा विश्वव्यापी द्वन्द्व नियन्त्रण झन् कठिन हुँदै गएको पनि उल्लेख गरे । *रासस⁄एएफपी*


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ४७ जेठ २६ गते २०८३ मा प्रकाशित **Career International Services (P).Ltd.** को विज्ञापनमा Lot No. 343118 को Chop Chee Seng Corporation Sdn Bhd कम्पनी र Lot No. 343119 को Nofa Falcon Co कम्पनीको अन्तवार्ता मिति : 16th Jun. 2026 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Career International Services (P.) Ltd.
धुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : ८००८६८१, ८००८६८३, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com
License No.: 646/063/064

## बिमालेख हरायो

मिति २०८२/१०/०२ गते काठमाडौं, बल्खुदेखि कालीमाटीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : धर्मेन्द्र प्रसाद**
**ठेगाना : कुलेश्वर-१४, कालीमाटी**
**बिमालेख नं.: २५१८०३३६६**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०५०६३९**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक ४७ जेठ २६ गते २०८३ मा प्रकाशित **International Trade Links Recruitment Pvt. Ltd** को विज्ञापनमा Lot No. 331080 को Himalayan Kasturi Restaurant कम्पनी विज्ञापनमा कतारमा रोजगार साथै Lot No. 334870 को New Top Grade Cleaning Hospitality And Trading कम्पनीको अन्तवार्ता मिति : 16th Jun. 2026 हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा रोजगार

कम्पनी : SAPAC - Saudi Pan Kingdom for Trade, Industry and Contracting Co

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343218 | चलानी नं. ६०२५६५३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labours | 57 | 0 | 1000 | ४०,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४

## मलेसियामा रोजगार

कम्पनी : STING FORCE SDN BHD — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८२/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२४ | LT. No. 338878 | चलानी नं. ६०२५२५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 45 | 0 | 1700 | ६४,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १ गते (15th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Gulshan Kumar Yadav : 9820137108
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## कतारमा रोजगार

कम्पनी : SAGUN BLOSOM TRADING CONTRATING

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343154 | चलानी नं. ६०२५६४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Electricians | 3 | 0 | 1200 | ५०,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Electrician (Building Elect | 3 | 0 | 1300 | ५४,६५२ | | | | | | | |
| 3. | Office Cleaner | 0 | 2 | 1000 | ४२,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ३ गते (17th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

## मलेसियामा रोजगार

कम्पनी : WELLCALL HOSE SDN BHD — सच्याइएको

पूर्व स्वीकृति मिति : २०८३/०२/२५ | LT. No. 343093 | चलानी नं. ६०२५६४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Production Workers | 40 | 0 | 1700 | ६३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार २ गते (16th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sherpa International Manpower Consultancy Pvt. Ltd.
Koteshwor-32 Kathmandu, Nepal, Tel: +977-1-5147319, 9812861346, Email : infosherpa1@gmail.com
Govt. License 430/060/061

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ३०१९०० | प्रति तोला – ० | प्रति तोला – ४९२५




**अचार तालिम** | दाङको घोराही–१५मा सञ्चालित १५ दिने अचार बनाउने सीप विकास तालिममा सहभागी अपांगता भएका महिलाहरू । तालिम प्राप्त गरिसकेपछि शारीरिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूले पनि आर्थिक उपार्जन गर्ने विश्वास लिइएको छ । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# राहुघाटको २२० केभी क्षमताको 'स्विचयार्ड' सञ्चालनमा

■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीको रघुगङ्गा गाँउपालिका-३ तिल्केनीचौरमा २२० केभी क्षमताको 'स्विचयार्ड' सञ्चालनमा आएको छ । स्विचयार्डका उपकरणले विद्युत्गृहमा जेनेरेटरबाट उत्पादन भएको ऊर्जालाई प्राप्त गर्ने र प्रसारण लाइनमा आपूर्ति गराउँछ ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको 'स्विचयार्ड' मार्फत राहुघाट कोरिडोरमा निर्माण भएका चार वटा आयोजनाका १२७ दशमलव आठ मेगावाट विद्युत् राष्ट्रिय प्रशारण लाइनमा जोडिएको हो ।

राहुघाट जलविद्युत् आयोजनाका प्रमुख राजबहादुर बिष्टले स्विचयार्डमा जडान भएका उपकरणको परीक्षण सफल भएपछि सोमबारदेखि राष्ट्रिय प्रणालीमा आवद्ध गरिएको जानकारी दिए ।

'राहुघाट कोरिडोरका चार वटा आयोजनाबाट आउने र राहुघाटको विद्युत्गृहबाट उत्पादन हुने विद्युत् हाम्रो स्विचयार्डबाट २२० केभी क्षमताको कालीगण्डकी कोरिडोरमा 'लिलो' (लुप इन, लुप आउट) माध्यमबाट जोड्ने संरचना तयार र उपकरण जडान भएको छ,' उनले भने, '४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादनको तयारीमा जुटेका छौं ।'

राहुघाट जलविद्युत् आयोजनाको सिभिल महाशाखा प्रमुख रविन कट्टेलले एआइएस (एयर इन्सुलेटेड) प्रविधिको स्विचयार्ड निर्माण गरिएको बताए । राहुघाटका हाइड्रोमेकानिकल ठेकेदार भारत हेवी इलेक्ट्रिकल्स (भेल)ले स्विचयार्ड बनाएको हो । चार वटा प्रसारण लाइनको टावर निर्माण भइसकेको छ ।

हाल ३५ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला-मङ्गले-राहुघाट, ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाको विद्युत् राहुघाटको स्विचयार्ड हुँदै केन्द्रिय प्रणालीमा आवद्ध भएको छ ।

निर्माणको अन्तिम चरणमा पुगेको राहुघाट जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् पनि यही स्विचयार्ड र प्रशाण लाइनबाट केन्द्रिय प्रणालीमा आवद्ध हुनेछन् । सुरुङ, बाँध र विद्युत्गृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना परिक्षण उत्पादनको तयारीमा जुटेको रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिए ।

भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोशियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन् २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोबेम्बर सम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो । चौथो पटक थपिएको समयभित्र आयोजना सम्पन्न गराउने लक्ष्यअनुसार काम भैरहेको प्रबन्ध सञ्चालक केसीले बताए ।

राष्ट्र बैंक प्रतिवेदन

# शोधनान्तर स्थिति आठ खर्ब ६३ अर्ब बचतमा

■ प्रभाव संवाददाता



**काठमाडौं –** मुलुकबाट बाहिरिने विदेशी मुद्राको तुलनामा भित्रने रकम बढी हुँदा शोधनान्तर बचत गत आवको तुलनामा दोब्बर भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको १० महिना (वैशाख मसान्तसम्म)मा देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति अनुसार शोधनान्तर स्थिति ८ खर्ब ६३ अर्ब ५६ करोड बचतमा रहेको छ ।

गत आवको यसै अवधिमा शोधनान्तर स्थिति ४ खर्ब ३८ अर्ब ५२ करोडले बचतमा थियो । अमेरिकी डलरमा गत आवको १० महिनामा ३ अर्ब २३ करोड रहेको शोधनान्तर स्थिति चालु आवको १० महिनामा ५ अर्ब ९८ करोड पुगेको छ ।

निश्चित समयावधिभित्र आवासीय र गैरआवासीय व्यक्ति-संस्थाबीच भएका आर्थिक तथा वित्तीय कारोबारको सारांश नै शोधनान्तर स्थिति हो । शोधनान्तर बचत भएमा बाह्य क्षेत्र कारोबारबाट विदेशी मुद्रा आप्रवाह बढ्छ भने घाटा भएमा विदेशी मुद्राको बाह्य प्रवाह बढी हुन जान्छ ।

शोधनान्तर खाताले चालु खाता र पूँजी तथा वित्तीय खातामा गैरआवासीय व्यक्ति तथा संस्थासँग भएको कारोबारलाई समेट्छ । नेपालको हकमा रेमिट्यान्स आप्रवाह उल्लेख्य हुँदा त्यसको सकारात्मक प्रभाव शोधनान्तर स्थितिमा पर्छ ।

समीक्षा अवधिमा चालु खाता ७ खर्ब २९ अर्ब २८ करोडले बचतमा छ । अघिल्लो आवको सोही अवधिमा चालु खाता २ खर्ब ७२ अर्ब ५३ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो आवको सोही अवधिमा २ अर्ब १ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा ५ अर्ब ५ करोडले बचतमा पुगेको छ । यस अवधिमा खुद पुँजीगत ट्रान्सफर १४ अर्ब ६५ करोड बराबर भएको छ । गत आवको सोही अवधिमा यस्तो रकम ८ अर्ब ४८ करोड थियो । चालु आवको १० महिनामा प्रत्यक्ष वैदेशिक लगानी १६ अर्ब ९६ करोड भित्रिएको छ । गत आवमा यस्तो रकम १० अर्ब ५८ करोड भित्रिएको थियो ।

### विदेशी विनिमय सञ्चिति ३७ खर्ब

देशको ढुकुटीमा रहेको विदेशी विनिमय सञ्चितिले नयाँ रेकर्ड कायम गरेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो दश महिनाको तथ्याङ्कअनुसार कुल विदेशी विनिमय सञ्चिति ३८.३ प्रतिशतले वृद्धि भई ३७ खर्ब ४ अर्ब ५५ करोड रूपैयाँ पुगेको छ । गत असार मसान्तमा यस्तो सञ्चिति २६ खर्ब ७७ अर्ब ६८ करोड रूपैयाँ मात्र रहेको थियो । अमेरिकी डलरमा हेर्दा पनि सञ्चिति २४.० प्रतिशतले बढेर २४ अर्ब १९ करोड डलर पुगेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा ३२ खर्ब ९८ अर्ब ३८ करोड र अन्य बैंक तथा वित्तीय संस्थाहरूमा ४ खर्ब ६ अर्ब १७ करोड रूपैयाँ रहेको छ । कुल सञ्चितिमा भारतीय मुद्राको अंश २०.६ प्रतिशत रहेको छ ।

विदेशी मुद्राको यो सञ्चिति देशको अर्थतन्त्रका लागि निकै सुविधाजनक अवस्था हो । चालु आर्थिक वर्षको दश महिनासम्मको आयात दरलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको यो सञ्चितिले २२.६ महिनाको वस्तु आयात र १९.२ महिनाको वस्तु तथा सेवा दुवैको आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ ।

वैशाख मसान्तमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) सँगको अनुपात ६०.७ प्रतिशत पुगेको छ, जसले देशको बाह्य क्षेत्र अत्यन्तै सबल अवस्थामा रहेको पुष्टि गर्दछ ।

### विप्रेषण आप्रवाह ४१ प्रतिशतले वृद्धि

चालु आर्थिक वर्षको १० महिनामा विदेश गएका नेपालीले रु १९ खर्ब १६ अर्ब ९० करोड बराबरको विप्रेसण पठाएका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको १० महिनाको विवरणअनुसार विप्रेषण आप्रवाह ४१ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १३ दशमलव तीन प्रतिशतले बढेको थियो । गत वैशाख महिनामा विप्रेषण आप्रवाह रु दुई खर्ब ५७ अर्ब ४९ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह रु एक खर्ब ६५ अर्ब ३० करोड रहेको थियो । समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३ प्रतिशतले वृद्धि भई १३ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १० दशमलव ६ प्रतिशतले बढेको थियो ।

# कोरियन प्रविधिमा नेपालमै उत्पादित ओरा कस्मेटिक

## एनआरएनए पूर्वअध्यक्ष विनोद कुँवरको औद्योगिक अभियानः नेपालमै विश्वस्तरीय कस्मेटिक्स ओरा, कोरियन चाउचाउ र सोजु उत्पादन, रोजगारी, आयात प्रतिस्थापन र निर्यातको लक्ष्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली (एनआरएन) हरूको लगानी र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्नुपर्ने बहस चलिरहेका बेला पूर्व एनआरएनए आईसीसी अध्यक्ष विनोद कुँवरको नेतृत्वमा स्थापित एन.के. कस्मेटिक्स प्रालिले नेपालमा आधुनिक औद्योगिकीकरणको नयाँ उदाहरण प्रस्तुत गरेको छ ।

कोरियन प्रविधि, अनुसन्धान, उत्पादन मापदण्ड तथा नेपाली उद्यमशीलताको समिश्रणबाट स्थापना भएको कम्पनीले ओरा ब्रान्डमार्फत नेपाली बजारमा गुणस्तरीय स्किन केयर तथा कस्मेटिक्स उत्पादन उपलब्ध गराउँदै आएको छ । कम्पनीको लक्ष्य केवल उत्पादन बिक्री गर्नु मात्र नभई नेपाललाई दक्षिण एसियाकै गुणस्तरीय कस्मेटिक्स उत्पादन केन्द्रका रूपमा विकास गर्नु रहेको बताइएको छ ।

ललितपुरको इमाडोलमा स्थापना गरिएको आधुनिक उद्योगमा करिब ३५ करोड रूपैयाँभन्दा बढी लगानी गरिएको कम्पनीले जनाएको छ । अत्याधुनिक उत्पादन प्रणाली, गुणस्तर परीक्षण प्रयोगशाला तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसारको उत्पादन प्रक्रियाका कारण ओरा ब्रान्डले छोटो समयमै उपभोक्ताको विश्वास जित्न सफल भएको कम्पनीको दाबी छ ।

कम्पनीका अध्यक्ष तथा एनआरएनएका पूर्वअध्यक्ष विनोद कुँवरले विदेशमा बसेर आर्जन गरेको अनुभव, सीप र पूँजीलाई नेपालमै लगानी गर्नु आफ्नो दायित्व भएको बताए । उनले नेपालमा उद्योग स्थापना गरेर स्वदेशमै अन्तर्राष्ट्रियस्तरका उत्पादन निर्माण गर्न सकिन्छ भन्ने सन्देश दिन ओरा ब्रान्डको




सुरुआत गरिएको उल्लेख गरे।

'नेपालमा सम्भावना छैन भन्ने सोचलाई बदल्नुपर्छ । आधुनिक प्रविधि, व्यवस्थापन र प्रतिबद्धता भए नेपालमै विश्वस्तरीय उत्पादन गर्न सकिन्छ । ओरा त्यसको एउटा उदाहरण हो,' कुँवरले भने ।

उनका अनुसार कम्पनीले केवल कस्मेटिक्स क्षेत्रमा मात्र होइन, खाद्य तथा पेय पदार्थ क्षेत्रमा समेत लगानी विस्तार गरिरहेको छ । कोरियामा लोकप्रिय कोरियन चाउचाउ तथा विश्वकै सर्वाधिक बिक्री हुने मदिरामध्ये एक मानिने कोरियन सोजु समेत नेपालमै उत्पादन सुरु गरिएको उनले जानकारी दिए ।

'हामी आयातमा निर्भर अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रतर्फ लैजान चाहन्छौं । नेपालमा उत्पादन बढे रोजगारी बढ्छ, राजस्व बढ्छ, विदेशी मुद्रा बचत हुन्छ र देशको अर्थतन्त्र बलियो बन्छ,' उनले बताए । कम्पनीकी प्रवन्ध निर्देशक तथा एनआरएनए आईसीसीकी सह-कोषाध्यक्ष गंगा खतिवडाले ओरा ब्रान्ड कोरियन प्रविधिमा आधारित उच्च गुणस्तरको उत्पादन भएको बताउँदै यसको प्रभावकारिता अनुभव गर्न सबैलाई आग्रह गरिन् ।

'ओराका उत्पादनहरू छालाको स्वास्थ्य, सौन्दर्य र सुरक्षा ध्यानमा राखेर तयार गरिएका छन् । यो केवल सौन्दर्य सामग्री होइन, गुणस्तर र विश्वासको प्रतिफल हो। एकपटक प्रयोग गरेर यसको गुणस्तर अनुभव गर्न म सम्पूर्ण उपभोक्तालाई आग्रह गर्छु,' उनले भनिन् । उनले ओराको अवधारणा कोरियन भए पनि उत्पादन नेपालमै भइरहेको उल्लेख गर्दै नेपाली उपभोक्ताले यसलाई आफ्नै ब्रान्डका रूपमा अपनाउनुपर्ने बताइन् ।

'नेपालमै उत्पादन हुने भएकाले ओरा लाई माया गर्नु भनेको नेपाली उद्योग, नेपाली श्रमिक र नेपाली अर्थतन्त्रलाई माया गर्नु हो,' खतिवडाले भनिन् । कम्पनीका अनुसार ओराका उत्पादनहरू नेपाली मौसम, वातावरण र छालाको प्रकृतिलाई ध्यानमा राखेर विकसित गरिएका छन् । उत्पादन प्रक्रियामा अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड अपनाइएको छ भने कच्चा पदार्थको छनोटदेखि अन्तिम प्याकेजिङसम्म विशेष ध्यान दिइएको छ ।

हाल कम्पनीले विभिन्न प्रकारका फेस केयर, स्किन केयर तथा व्यक्तिगत सौन्दर्य सामग्री बजारमा उपलब्ध गराएको छ । निकट भविष्यमा थप १० देखि १५ नयाँ उत्पादन सार्वजनिक गर्ने तयारी भइरहेको जनाइएको छ। पूर्ण क्षमतामा सञ्चालन हुँदा कम्पनीले एक सयभन्दा बढी प्रकारका कस्मेटिक्स तथा व्यक्तिगत हेरचाहसम्बन्धी उत्पादन उत्पादन गर्न सक्ने क्षमता राख्छ । कम्पनीले प्रत्यक्ष रूपमा दर्जनौं नेपाली युवालाई रोजगारी प्रदान गरिरहेको छ भने अप्रत्यक्ष रूपमा वितरण, बजार व्यवस्थापन, खुद्रा व्यापार तथा आपूर्ति प्रणालीमार्फत सयौं व्यक्तिलाई आर्थिक गतिविधिसँग जोडेको छ ।

कम्पनीको दीर्घकालीन लक्ष्य नेपाललाई गुणस्तरीय कस्मेटिक्स, स्किन केयर तथा व्यक्तिगत हेरचाह उत्पादनको क्षेत्रीय केन्द्रका रूपमा स्थापित गर्नु रहेको छ । साथै, दक्षिण एसिया, मध्यपूर्व, युरोप र अन्य अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादन निर्यात गर्ने रणनीतिमा कम्पनी अघि बढिरहेको जनाएको छ । नेपाली चलचित्र क्षेत्रकी चर्चित अभिनेत्री परीक्षा लिम्बूलाई ब्रान्ड एम्बासडर नियुक्त गरी कम्पनीले ओरा लाई युवा पुस्तामाझ थप लोकप्रिय बनाउने अभियान पनि सञ्चालन गरिरहेको छ । एनआरएनहरूको लगानी केवल रेमिट्यान्समा सीमित नभई उद्योग, उत्पादन र रोजगारी सिर्जनातर्फ केन्द्रित हुन थालेको सन्दर्भमा विनोद कुँवर नेतृत्वको यो परियोजनालाई धेरैले उदाहरणीय पहलका रूपमा लिएका छन् ।

कर्पोरेट

## बिपिसीको हरित हाइड्रोजन पाइलट परियोजना सुरू



**प्यूठान (प्रस)–** बुटवल पावर कम्पनी लिमिटेड (बिपिसी)ले प्यूठानको दरिमचौरमा ५० किलोवाटको हरित हाइड्रोजन पाइलट परियोजना सुरु गरेको छ । मंगलबार उद्घाटन गरिएको यो परियोजना भविष्यको स्वच्छ ऊर्जा समाधानको रूपमा नेपालको हरित हाइड्रोजनको प्रारम्भिक अन्वेषणका लागि महत्त्वपूर्ण कदम हुने कम्पनीको भनाइ छ ।

उक्त पाइलट परियोजना कम्पनीद्वारा सञ्चालित १२ मेगावाट क्षमताको झिमरुक जलविद्युत् आयोजनाको परिसरमा स्थापना गरिएको हो । 'यस परियोजनाले नवीकरणीय जलविद्युत् ऊर्जाको प्रयोग गरी विद्युत् अपघटन प्रक्रियामार्फत हरित हाइड्रोजन उत्पादन गर्दछ,' कम्पनीले भनेको छ । यो परियोजना विश्व बैंकको प्राविधिक सहयोग तथा संयुक्त अधिराज्य सरकारअन्तर्गतको विदेश, राष्ट्रमण्डल तथा विकास कार्यालयमार्फत युके अन्तर्राष्ट्रिय विकासको आर्थिक सहयोगमा कार्यान्वयन गरिएको कम्पनीले जानकारी दिएको छ ।

'हरित हाइड्रोजनलाई विश्वव्यापीरूपमा न्यूनकार्बन ऊर्जा प्रणालीतर्फको संक्रमणमा महत्त्वपूर्ण ऊर्जावाहकका रूपमा हेरिएको छ,' कम्पनीले भनेको छ, 'नवीकरणीय स्रोतबाट उत्पादित बिजुली प्रयोग गरी पानीलाई विद्युत् अपघटन प्रक्रियामार्फत विभाजन गरेर हरित हाइड्रोजन उत्पादन गरिन्छ । यसरी उत्पादन गरिएको हरित हाइड्रोजनले यातायात, उद्योग, मल उत्पादन तथा दीर्घकालीन ऊर्जा भण्डारणसहित प्रत्यक्ष विद्युतीकरण कठि हुनसक्ने क्षेत्रहरूमा कार्बन उत्सर्जन न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुर्‍याउन सक्छ ।'

## मकालु वाइनको आइपिओ आउँदै

**काठमाडौं (प्रस)–** मकालु वाइन इन्डस्ट्रीज लिमिटेडले सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ) जारी गर्ने तयारी गरेको छ । कम्पनीले आफ्नो जारी पूँजीको २० प्रतिशत बराबर प्रति शेयर रु. १०० अंकित मूल्यका १० लाख कित्ता शेयर निष्काशन गर्ने प्रक्रिया अघि बढाएको हो ।

आइपिओ निष्काशनका लागि कम्पनीले रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ । यस सम्बन्धी सम्झौतापत्रमा मकालु वाइन इन्डस्ट्रिज लिमिटेडका अध्यक्ष पिताम्बर पोखेल तथा रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत भिष्मराज चालिसेले हस्ताक्षर गरेका थिए ।




संखुवासभामा सञ्चालित मकालु वाइन इन्डस्ट्रिज लिमिटेडले विगत ३१ वर्षदेखि समुन्द्र सतहबाट करिब २८०० मिटर उचाइमा रहेको प्राकृतिक मुहानको पानी तथा जंगलमा पाइने चुत्रो र ऐंशेलुबाट अर्गानिक 'हिंवा वाइन' उत्पादन गर्दै आएको छ । आधुनिक प्रविधिको प्रयोगमार्फत उच्च गुणस्तरीय वाइन उत्पादन गर्दै आएको कम्पनीसँग करिब २० रोपनी आफ्नै जग्गा रहेको छ । आइपिओ निष्काशनसँगै नेपालको अर्गानिक वाइन उद्योगलाई पूँजी बजारसँग जोड्ने महत्वपूर्ण कदमका रूपमा यसलाई हेरिएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ